सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

८ मंसिर २०८०, शुक्रबार (24 Nov 2023, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

चलाउनेमाथि आक्रमण प्रकरण

## नेविसंघका ६ कार्यकर्तालाई दुई वर्ष कैद, २८ लाख क्षतिपूर्ति

**सरकारले फिर्ता लिने निर्णय गरेको मुद्दामाथि तीन वर्षपछि आयो काठमाडौं जिल्ला अदालतको फैसला**

शिल्पा कर्ण/नयाँ पत्रिका

काठमाडौं जिल्ला अदालतले त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेमबहादुर चलाउनेमाथि मरणासन्न हुने गरी कुटपिट गर्ने नेविसंघका ६ जना कार्यकर्तालाई दोषी ठहर गर्दै दुई-दुई वर्ष कैदको फैसला गरेको छ। उनीहरूबाट चलाउनेलाई २८ लाख क्षतिपूर्ति भराउन पनि भनेको छ। मुद्दा फिर्ता गर्ने सरकारको निर्णय सर्वोच्च अदालतबाट उल्टिएपछि जिल्ला अदालतले सात प्रतिवादीमध्ये ६ लाई दोषी ठहर गर्दै सजाय तोकेको हो।

न्यायाधीश विनोद खतिवडाको इजलासले दुई दिन हेर्दाहेर्दैमा राखेर बिहीबार फैसला दिएको हो। नेविसंघ त्रिवि समितिका अध्यक्ष हरि आचार्य, सचिव योगेन्द्र रावल, रविनकुमार लामा, नीरज रानामगर, रूपेश साह र सयुज श्रेष्ठलाई दोषी ठहर गरेको छ। आचार्य अमेरिकामा तथा रानामगर अस्ट्रेलियामा छन्। दीपकराज ओझाले भने सफाइ पाएका छन्।

'दीपकराज ओझाबाहेक सबैमाथि कसुर ठहर भएको छ। सबै प्रतिवादीहरूलाई दुई-दुई वर्ष कैद र २८ लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला भएको छ,' श्रेस्तेदार रामु शर्माले भने। चलाउनेले उपचारमा गरेको खर्च २८ लाख १७ हजार रुपैयाँभन्दा बढी रकम दामासाहीले प्रतिवादीहरूबाट भराउने फैसला भएको हो। साथै, उनीहरूलाई २० हजार जरिवानासमेत हुने भएको छ।

२० असोज ०७७ मा त्रिविका समाजशास्त्र केन्द्रीय विभागका

» पृष्ठ २ मा क्रमशः

फैसलापछि उपप्राध्यापक प्रेमबहादुर चलाउनेले भने-

### न्याय मरेको रहेनछ



यो फैसलाबाट मैले आंशिक न्याय पाएको अनुभूति गरेको छु। मलाई ज्यान मार्ने योजनासहित नै आक्रमण भएको थियो। ढिलै भए पनि सत्य र न्यायको जित भएको छ, न्याय मरेको रहेनछ। अदालतको पवित्रता कायम राख्नुको सट्टा प्रतिवादीहरूबाट शक्ति केन्द्र धाउने, सुनुवाइ नै हुन नदिने गरी अदालती प्रक्रियालाई बन्धक बनाउने र सिंगै सरकारलाई प्रभावित बनाएर मुद्दा फिर्ताको निर्णय गराई अपराधी उम्काउने जुन कार्य भइरहेको थियो, त्यो असफल भएको छ। मेरातर्फबाट पैरवी गर्ने सरकारी वकिल, अधिवक्ता, नागरिक समाज र सबैलाई म धन्यवाद दिन चाहन्छु। यो उहाँहरूको पनि जित हो। म अहिले पनि उक्त आक्रमणका कारण शारीरिक रूपमा पूर्ण स्वस्थ छैन। तर, आज न्यायाधीशको एक निर्भीक फैसलाका कारण अदालतको गरिमा जोगिएको छ। अब म्याद थाम्ने-थमाउने म्यादसमेत गुजारेर फरार रहेका, विदेशमा रहेकाहरू जो भए पनि नेपालमा ल्याएर अदालतको फैसला कार्यान्वयन हुनुपर्छ भन्ने मेरो माग हो। कसरी फैसला कार्यान्वयन हुन्छ हेर्न बाँकी छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# चालू वर्षको तीन महिनामै बाहिरियो दुई अर्ब ६८ करोड रुपैयाँ रेमिटयान्स

नेपालमा श्रम स्वीकृत लिएर काम गरिरहेका करिब २० हजार विदेशी कामदार छन्, उनीहरूले कमाएको ७५ प्रतिशत रकम आफ्नो देशमा पठाउन पाउँछन्। यसबाहेक अनौपचारिक माध्यमबाट वार्षिक करिब तीन अर्ब अमेरिकी डलर रेमिटयान्स नेपालबाट भारत जाने गरेको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को पहिलो तीन महिनामा नेपालबाट बाहिरिने रेमिट्यान्स (विप्रेषण उत्प्रवाह) ६२.३४ प्रतिशतले बढेको छ। गत आवको साउन, भदौ र असोजमा एक अर्ब ६५ करोड नौ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको थियो। चालू आवको पहिलो तीन महिनामै यो रकम एक अर्ब दुई करोड ९२ लाखले बढेको छ, अर्थात् दुई अर्ब ६८ करोड एक लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको छ।

राष्ट्र बैंकको तथ्यांकअनुसार ०७४/७५ देखि चालू आवको असोजसम्ममा ४१ अर्ब १६ करोड ७८ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको छ। गत आव ०८९/८० मा नेपालबाट ६ अर्ब ६१ करोड २८ लाख रुपैयाँ बाहिरिएको थियो। यद्यपि, अघिल्लो आवको तुलनामा यो रकम कम हो। ०७८/७९ मा सात अर्ब ६७ करोड ९१ लाख रेमिट्यान्स बाहिरिएको थियो।

पछिल्लो समय देखिएको आर्थिक शिथिलतालगायतका कारण गत आवमा नेपालबाट बाहिरिने रेमिट्यान्स घटेको थियो। तर, चालू आवमा त्यो उच्च दरमा बढ्न थालेको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ।

नेपालमा ७७ देशका २० हजारभन्दा बढी विदेशी कामदार छन्। यहाँ काम गरेर उनीहरूले वार्षिक अर्बौं रुपैयाँ रेमिट्यान्स आफ्नो देश पठाउँछन्।


नेपाल सरकारको वर्क पर्मिट (श्रम स्वीकृत) लिएर नेपालमा काम गर्न आउने विदेशी कामदारले यो रेमिट्यान्स आफ्नो देश पठाएका हुन्। नेपालमा काम गर्न आउने विदेशी कामदारले आफूले कमाएको ७५ प्रतिशत रकम आफ्नो देशमा पठाउन पाउँछन्। कमाएको २५ प्रतिशत रकम उनीहरूले नेपालमै खर्च गर्नुपर्ने प्रावधान छ।

नेपालमा सञ्चालित मल्टिनेसनल कम्पनी, जलविद्युत् आयोजना, बैंक तथा वित्तीय संस्था, बिमा कम्पनीमा विदेशी कर्मचारी पनि कार्यरत छन्। विशेषगरी विदेशी

» पृष्ठ २ मा क्रमशः

### ■ नेपालमा ७७ देशका २० हजार १०८ कामदार

**६ वर्ष ३ महिनामा बाहिरियो ४१.१६ अर्ब**




नेपालमा अहिले ७७ भन्दा बढी देशका कामदार छन्। चीनबाट सबैभन्दा धेरै कामदार आउने गर्छन्। त्यस्तै, बेलायत, अमेरिका, जापान, अस्ट्रेलिया, कोरियालगायतका विकसित मुलुकबाट पनि नेपालमा काम गर्न आउने कामदारको संख्या धेरै छ। श्रम विभागको तथ्यांकअनुसार हाल नेपालमा २० हजार १०८ जना गैरनेपालीलाई श्रम स्वीकृति दिइएको छ। त्यसमा १७ हजार ६७४ पुरुष र दुई हजार ४३४ महिला कामदार छन्। सरकारले दिने वर्क पर्मिटको म्याद एक वर्षको हुन्छ। यीमध्ये कतिपय कामदार स्वदेश फर्किसकेका छन्। साथै, नयाँ कामदार थपिने पनि गर्छन्।

विशेषगरी जलविद्युत्लगायतका आयोजनाको निर्माण कार्यमा विदेशबाट प्राविधिक कामदार ल्याउने गरिन्छ। विदेशी निर्माण कम्पनीले पाएको ठेक्कामा पनि विदेशी कामदार धेरै कार्यरत छन्। उदाहरणका लागि नागढुंगाको सुरुङमार्ग निर्माणमा जापानका प्राविधिकहरू कार्यरत छन्। सो आयोजनाको निर्माण गर्ने ठेक्का जापानको हाज्मा आन्दो कर्पोरेसन नामक कम्पनीले पाएको छ। सुरुङमार्ग निर्माणमा परामर्शदाता, विज्ञ तथा प्राविधिक गरेर ३५ जना जति जापान, फिलिपिन्स र मलेसियाका कामदार छन्। त्यस्तै, चिनियाँ कम्पनीले ठेक्का पाएको नारायणगढ-बुटवल सडक विस्तार र मुग्लिङ-पोखरा सडक विस्तारमा चिनियाँ कामदार छन्। योबाहेक नेपाली कम्पनीले पनि विशेष सीप र क्षमता भएका विदेशी कामदार ल्याउने गर्छन्। यसैगरी नेपालमा सञ्चालित मल्टिनेसनल कम्पनी, विदेशी लगानीका कम्पनीहरूमा पनि विदेशी कामदार छन्। एयरलाइन्स कम्पनीहरूमा पनि विदेशी कामदार छन्। युनिलिभर नेपाल, डाबर नेपालजस्ता मल्टिनेसनल कम्पनी, स्ट्यान्डर्ड चार्टर्ड बैंक, एसबिआई बैंक, मेट लाइफ इन्स्योरेन्स, एलआइसी नेपालजस्ता विदेशी स्वामित्वका बैंक तथा वित्तीय संस्था तथा ठूला गैरसरकारी संस्थाहरूमा पनि विदेशी कर्मचारी छन्। नेपाली स्वामित्वकै कम्पनी, बैंक तथा वित्तीय संस्था, आयोजना, निर्माण कम्पनीहरूमा पनि विशेष सीप र क्षमता भएका कर्मचारी तथा प्राविधिक विदेशबाट ल्याउने गरिन्छ।

#### विदेशबाट आवश्यक श्रमशक्ति ल्याउनुपर्ने बाध्यता हुन्छ

● **डा. गुणाकर भट्ट,**
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



नेपालमा सबैखाले, सबै सीप भएको श्रमशक्ति पाइँदैनन्। विदेशबाट पनि आवश्यक श्रमशक्ति ल्याउनुपर्ने बाध्यता हुन्छ। एयरलाइन्स, बैंक तथा वित्तीय संस्था, बिमा, जलविद्युत्जस्ता क्षेत्रमा विशेष सीप र क्षमता भएका विदेशी कामदार छन्। त्यसैले रेमिट्यान्स बाहिरिनु स्वाभाविक नै हो।

#### नेपालमै उपलब्ध श्रम सेवामा रेमिट्यान्स बाहिरिनु अस्वाभाविक

● **डा. चन्द्रमणि अधिकारी,** अर्थविद्



नेपालमा हुँदै नभएको श्रमशक्ति त बाहिरबाट पनि ल्याउनुपर्छ नै। तर, सामान्य मजदुरसमेत हामी बाहिरबाट ल्याइरहेका छौं। नेपालमै उपलब्ध श्रम सेवामा रेमिट्यान्स बाहिरिनु स्वाभाविक मान्न सकिँदैन। नेपाली मजदुर पनि विदेशमा गएर रेमिट्यान्स पठाएका छन्। त्यसबापत नेपाल भित्रिने कुल रेमिट्यान्स धेरै भए पनि प्रतिव्यक्ति रेमिट्यान्स भने कम छ। तर, नेपालमा कम सीप भएका मान्छे आएर प्रतिव्यक्ति रूपमै धेरै रेमिट्यान्स लगिरहेका छन्।

## नक्कली नोट कारोबारमा जेल परेर छुटेपछि सुन तस्करी

नवराज मैनाली/नयाँ पत्रिका

न्युरोडमा ट्राभल एजेन्सी चलाउने गुल्मीका सनद प्रधानको सम्बन्ध नक्कली नोट कारोबार गर्ने गिरोहसँग जोडियो। ०७२ मा प्रहरीले १९ लाख ८७ हजार नक्कली भारतीय रुपैयाँ तथा १९ हजार पाँच सय नक्कली अमेरिकी डलरसहित उनलाई पक्राउ गऱ्यो। सोही मुद्दामा प्रधान जेल नै बसे।

तर, जेलबाट छुटेपछि पनि उनी सुध्रिएनन्। छिटो पैसा कमाउने आदत भएका प्रधान हाल सुन तस्करीको आरोपमा पक्राउ परेका छन्।


सनद प्रधान

दोलखामा बरामद भएको साढे ११ किलो सुन तस्करीको आरोपमा पक्राउ परेका हुन्। प्रहरीका अनुसार चिनियाँ गिरोहले ल्याउने तस्करीको सुन बिक्री गर्न उनले सघाउँदै आएका थिए। साथै, हुन्डी र क्रिप्टो कारोबारको आशंकामा पनि उनीमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

९ जेठ ०७२ मा प्रहरीको विशेष ब्युरोले उनीसहित आठजनालाई नक्कली नोटसहित पक्राउ गरेको थियो। जसमा एक पाकिस्तानी महिला पनि थिइन्। उनीहरूले पाकिस्तानबाट नक्कली भारु र डलर ल्याएर कारोबार गर्थे। जसमा अदालतबाट समेत दोषी ठहर भई प्रधान छुटेका थिए।

चिनियाँ गिरोहसँग मिलेर उनले सुन तस्करी थालेको प्रहरीले जनाएको छ। सो समूहले क्रिप्टोमार्फत करिब चार खर्ब रुपैयाँबराबरको कारोबार गरेको खुलेको छ। यसरी कारोबार गर्ने गिरोहका नाइकेहरू

» पृष्ठ २ मा क्रमशः

### कर्नर किक

● रवि मिश्र




### युवा संघ र प्रसाई समूहको उपत्यकामा प्रदर्शन

बल्खुमा झडप हुँदा १५७ राउन्ड अश्रुग्यास र पाँच राउन्ड रबर बुलेट प्रहार, प्रदर्शनकारीतर्फ २३ र पाँच सुरक्षाकर्मी घाइते

(विस्तृत पृष्ठ ३)

### चाडबाडले उकासेको आयात फेरि घट्यो

असोजसम्म १.६९% ले बढेको आयात कात्तिकसम्म भने ३.७९% ले घटेको छ

**चार महिनामा १२ अर्ब ५० करोड आठ लाख रुपैयाँको विद्युत् निर्यात**

(विस्तृत पृष्ठ ६)

25th ANNIVERSARY
सेवाको २५औं वर्ष





MANAKAMANA CABLE CAR
1998-2023 | २०५५-२०८०

मनकामना माताको असीम आशिर्वाद एवं कृपा, नेपालका केबुलकारका स्रष्टा एवं यस प्रा.लि.का संस्थापक स्वर्गीय लक्ष्मणबाबु श्रेष्ठको मार्गदर्शनका साथै आदरणीय यात्रुजनको माया र स्नेहका कारण आज हामी सेवाको २५ औं वर्ष पुरा गरी २६ औं वर्षमा प्रवेश गरेका छौं र आगामी आउने दिनमा निरन्तर स्तरीय सेवा दिने प्रण गर्दछौं।

हामीलाई यहाँसम्म आइपुग्न प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं।

मनकामना दर्शन (प्रा.) लि.
MANAKAMANA DARSHAN (P.) LTD.

manakamanacablecar.com @cablecarmanakamana manakamanacablecar info@manakamanacablecar.com

## गाजामा युद्धविरामको स्वागत
# जोशी रिहाइका लागि नेपालको पहल



कतारका राज्यमन्त्रीमार्फत नेपालले जोशीको रिहाइका लागि थप कूटनीतिक प्रयास गर्दै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल सरकारले गाजा क्षेत्रमा इजरायल र हमास समूहबीच भएको युद्धविराम सम्झौताको स्वागत गर्दै नेपाली नागरिक विपिन जोशीको तत्काल रिहाइका लागि आग्रह गरेको छ। बिहीबार परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरी गाजामा बन्दीहरूको रिहाइ तथा मानवीय सामग्रीको आपूर्तिका लागि मार्गप्रशस्त गर्ने सम्झौताको स्वागत गरेको हो।

नेपालले यो सम्झौतामा पुग्न प्रयास गरेका कतार, अमेरिका र इजिप्टको प्रशंसा गरेको छ। 'नेपाली नागरिक विपिन जोशीको तत्काल रिहाइका लागि नेपाल सरकार आह्वान

» पृष्ठ २ मा क्रमशः



बुधबार गाजामा इजरायली सेनाले स्थल आक्रमण गरिरहेको वेला इजरायली सेनाको ट्यांकनजिकै देखिएका एम्बुलेन्स। बुधबार इजरायल र हमास समूहबीच चारदिने युद्धविरामको सहमति घोषणा भएको थियो। शुक्रबारदेखि सहमति कार्यान्वयन हुनेछ। यस अवधिमा इजरायलले युद्धग्रस्त गाजामा सहायता सामग्री भित्र्याउन दिने र हमासले कम्तीमा ५० बन्धकलाई रिहा गर्ने सहमति भएको छ। सहमतिअनुसार हमासले बन्धक रिहा गरेसँगै इजरायलले पनि उसका जेलमा कैद रहेका कम्तीमा १५० प्यालेस्टाइनीलाई रिहा गर्नेछ। तस्बिर : एपी/रासस

## बँदेल कृषि हानिकारक वन्यजन्तु घोषणा
# बाली क्षति गर्ने बँदेल मार्नसमेत पाइने

**काठमाडौं**/ सरकारले बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ। बिहीबार राजपत्रमा सूचनाजारी गर्दै निजी खेत, खला, बारीमा आउने सानो जातको बँदेलबाहेकको जंगली बँदेललाई एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको हो। नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी घोषणा गरिएको छ।

जंगली बँदेलले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानि-नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रूपमा त्यस्तो बँदेललाई धपाउन, लखेट्न वा मार्न पनि पाउनेछन्।

जंगली बँदेललाई पक्रिएको खण्डमा सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्षण, सिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्रको कार्यालय, डिभिजन कार्यालयमा बुझाउनुपर्ने र उक्त सूचना स्थानीय वडा कार्यालयमा समेत दिनुपर्ने राजपत्रमा उल्लेख गरिएको छ।

बँदेललाई धपाउने वा लखेट्ने क्रममा मृत्यु भएमा सम्बन्धित वडाको एकजना प्रतिनिधिसहित कम्तीमा पाँचजना स्थानीय व्यक्तिको रोहबरमा मुचुल्का खडागरी गाड्न वा तौलका आधारमा मूल्य तोकी उक्त रकम राजस्वमा दाखिला गर्न सकिने उल्लेख छ। यसबारे वन्यजन्तु आरक्ष कार्यालय, सिकार आरक्ष, डिभिजन वन कार्यालयमा जानकारी दिनुपर्ने उल्लेख छ।

मारिएको बँदेल वन्यजस्तुलगायत कार्यालयले प्रत्येक महिना नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा बुझाउनुपर्ने उल्लेख छ। तर, राजपत्रमा उल्लेख भएअनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जंगली बँदेललाई धपाउन, लखेट्न, पक्रन वा मार्न पाइनेछैन।

## नक्कली नोट...

पृष्ठ १ बाट क्रमशः

हडकडमा छन्। सो समूहसँग प्रधानको निकटता देखिएको छ। सागर थापालगायतका व्यक्तिहरू क्रिप्टो कारोबारका नाइके भएको प्रहरी स्रोत बताउँछ। उनलाई फरार प्रतिवादी बनाएर मुद्दा चलाउन लागिएको छ।

दोलखाको लामाबगर नाका हुँदै चिनियाँ समूहले कम्तीमा ३३ किलो सुन तस्करी गरेको प्रहरी अनुसन्धानको निष्कर्ष छ। जसमा १५ जना पक्राउ परेका छन् भने १२ लाई फरार प्रतिवादी बनाएर जिल्ला प्रहरी कार्यालय दोलखाले रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको छ। सरकारी वकिल कार्यालयले आइतबारसम्म अदालतमा अभियोग दायर गर्ने तयारी गरेको छ।

प्रधानसहित यो मुद्दामा टासी दावा भनिने आगर लामा, गेङ राउ, लालबहादुर तामाङ, महिला माझी, नुर्बुछिरिङ शेर्पा, सुनमाला तामाङ, पेम्बा तामाङ, च्याङ्बा भनिने चसमान तामाङ, केसर तामाङ, माधव मगर, चेतनाथ न्यौपाने पनि प्रहरी हिरासतमा छन्। तस्करीको सुन किन्ने काठमाडौंका सुन पसले दीपेन्द्र शाक्य र तिलक विक पनि पक्राउ परिसकेका छन्। क्रिप्टोमार्फत सुन तस्करीको भुक्तानी गर्ने कार्गो व्यवसायी महिमालाई पनि सनदले नै यो गिरोहसँग सम्पर्क गराएका थिए। पक्राउ परेकाविरुद्ध भन्सार ऐन, संगठित अपराध निवारण ऐन, नेपाल राष्ट्र बैंक ऐनअनुसार मुद्दा दायरको तयारी छ।

## हुन्डी र क्रिप्टोमा संलग्न ९९ लाखसहित पक्राउ



रुपेश श्रेष्ठ

हुन्डी, अनलाइन जुवा, क्रिप्टो तथा अवैध रूपमा विदेशी विनिमय कारोबार गरेको आरोपमा ४८ वर्षीय रूपेश श्रेष्ठ करिब ९९ लाख रुपैयाँसहित पक्राउ परेका छन्। बागबजार बस्ने श्रेष्ठलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको हो। उनको घरबाट ८९ लाख ६९ हजार नेपाली रुपैयाँ र अमेरिकी डलर सात हजार २६ बरामद भएको छ। उनको घरबाट पैसा गन्ने मेसिनसमेत बरामद भएको छ। आठ थान मोबाइल, तीन थान ल्यापटपलगायतका सामान र चेक पनि बरामद गरेको छ। उनको मोबाइल तथा ल्यापटपबाट क्रिप्टो कारोबारको विषयमा थप अनुसन्धान हुने सिआइबीले जनाएको छ।

# राष्ट्रिय सभाको चुनाव ११ माघमा

## अध्यक्ष गणेश तिमिल्सिनासहित २० सांसद बिदा हुँदै

नयाँ पत्रिका

राष्ट्रिय सभा सदस्य निर्वाचन ११ माघमा हुने भएको छ। निर्वाचन आयोगका पदाधिकारीसँगको परामर्शपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ११ माघमै चुनाव हुने बताएका हुन्। राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनासहित २० जना सांसदको कार्यकाल २० फागुनमा सकिँदै छ।

राष्ट्रिय सभामा सदस्यको पद रिक्त हुनु ३५ दिनअगावै निर्वाचन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ। यो व्यवस्थाअनुसार १५ माघभित्र रिक्त सदस्यको पद पूर्तिका लागि निर्वाचन सम्पन्न गरिसक्नुपर्छ। तर, आयोगले अन्य तयारीलाई ध्यानमा राखेर ११ माघमा चुनाव गर्नुपर्ने निष्कर्ष निकालेको हो।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐनअनुसार निर्वाचन आयोगको परामर्शमा सरकारले मिति तोक्ने व्यवस्था छ। प्रमुख आयुक्त दिनेश थपलियासहित आयोगका पदाधिकारीले बिहीबार प्रधानमन्त्री दाहाललाई भेटेर ११ माघमा चुनाव गर्न उपयुक्त हुने परामर्श दिएका छन्। 'निर्वाचनको आवश्यक तयारी र निर्वाचन परिणाम प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने समयसमेतलाई मध्यनजर गरी निर्वाचन मिति तोक्न उपयुक्त हुने देखिएकाले माघ ११ गते बिहीबारका दिन निर्वाचन गर्ने गरी मिति तोक्न सरकारलाई आयोगले परामर्श दिएको छ,' प्रवक्ता शालिग्राम शर्मा पौडेलले भने।

उनका अनुसार प्रधानमन्त्री प्रचण्डले आयोगले परामर्श दिएको मितिमा नै निर्वाचन गर्ने गरी मन्त्रिपरिषद्बाट निर्णय हुने जानकारी गराएका थिए। 'प्रधानमन्त्रीज्यूले आयोगले उपयुक्त ठहऱ्याएको मिति ११ माघमै निर्वाचन मिति तोक्ने प्रतिबद्धता जनाउनुभएको छ। साथै आवश्यक तयारीमा लाग्न र सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न शुभकामना दिनुभएको छ,' प्रमुख आयुक्त थपलियाले भने।

कार्यकाल सकिन लागेका २० जना सांसद ०७४ मा निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेकाहरू हुन्। निर्वाचनका लागि आयोगले ०७८ को जनगणनाअनुसार नयाँ मतभार कायम गरिसकेको छ। पछिल्लो मतभारमा एक प्रदेश सांसदको ५३ र एक पालिका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्षको १९ मतभार कायम भएको छ। यसअघि प्रदेश सांसदको ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुखको १८ मतभार थियो। राष्ट्रिय सभा निर्वाचनमा प्रदेश सांसद, नगरपालिका प्रमुख-उपप्रमुख र गाउँपालिकाका अध्यक्ष-उपाध्यक्ष मतदाता हुन्छन्।

## उपरथी पाण्डेको राजीनामा स्वीकृत

**काठमाडौं**/ नेपाली सेनाका उपरथी ताराध्वज पाण्डेको राजीनामा २४ कात्तिकदेखि लागू हुने गरी सरकारले स्वीकृत गरेको छ। नागरिकता र शैक्षिक प्रमाणपत्रमा जन्ममिति फरक परेको कागजातका कारण उनले राजीनामा दिएका थिए। अब सेनामा रथी बढुवा प्रक्रिया अघि बढाउनुपर्नेमा वरीयतामा अघि रहेका उपरथीहरूको कागजपत्रमा समस्या देखिएपछि प्रक्रिया लम्बिने भएको छ।

उपरथी पाण्डे वरीयतामा अगाडि थिए भने उनको बढुवा भएको भए आगामी भदौ २४ पछि उनी प्रधानसेनापति बन्ने पक्का थियो। सेनाको २५ बेसिक समूहका उपरथी पाण्डेले जंगी अड्डामा पेस गरेको नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा जन्ममिति फरक देखिएको थियो। उनको एसएलसीको प्रमाणपत्रमा १२ माघ ०२१ जन्ममिति उल्लेख छ। तर, उनले बुझाएको नागरिकताको प्रमाणपत्रमा भने जन्ममिति २३ मंसिर ०२३ उल्लेख छ। उनको कागजातबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि संसद्को राज्य व्यवस्था समितिमा उजुरी परेको थियो।

### ■ आजदेखि नेपाली र भारतीय सेनाको संयुक्त अभ्यास

नेपाली सेना र भारतीय सेनाको संयुक्त तालिम अभ्यास सूर्य किरण-१७ शुक्रबारदेखि भारतको पिथौरागढमा सुरु हुने भएको छ। टोलीमा सहभागी हुन नेपाली सेनाको टोली बुधबार त्यसतर्फ प्रस्थान गरेको छ। अभ्यासमा नेपाली र भारतीय सेनाको गणस्तरीय टोली सहभागी हुँदै छ।

०६७ सालबाट वार्षिक रूपमा नेपाल र भारतमा आलोपालो गरी संयुक्त अभ्यास हुँदै आएको छ। अभ्यास सूर्य किरण नाम दिइएको संयुक्त अभ्यासको यो १७ औँ संस्करण हो। यसअघि ०७९ पुस ०१ गतेदेखि १४ सम्म रुपन्देहीको सालझन्डीमा सूर्य किरण अभ्यासको १६ औँ संस्करण सञ्चालन भएको थियो। यसपटक भारतीय सेनाले आयोजना गरेको छ। नेपाली सेनाबाट प्रमुख सेनानी सुवास केसीको नेतृत्वमा ३३४ जना सैनिक टोली सहभागी हुँदै छन्। अभ्यास मंसिर २१ सम्म सञ्चालन हुनेछ।


**BEST FINANCE COMPANY LTD.**
**बेष्ट फाइनान्स कम्पनी लि.**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय: बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

**धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना**

(सूचना प्रकाशित मिति : २०८०/०८/०८ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लंघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकि रकम चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ । उल्लेखित समय भित्र कर्जा चुक्ता फर्छ्यौट नगरे/नगराएमा १६ औँ दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल :**

| ऋणीको विवरण | संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण |
|---|---|
| १. **ऋणीको नाम : हरीकला महतराज**<br>बुबाको नाम : हिरालाल बि.सी<br>पतिको नाम : भरत बहादुर महतराज<br>ससुराको नाम : दशराम महतराज<br>ठेगाना : बिरेन्द्रनगर वडा नं.४, सुर्खेत<br>हाल : कोहलपुर-११ बाँके<br>ना.प्र.नं.: १०९२, जारी मिति : २०४४/११/०९<br>जारी जिल्ला : सुर्खेत<br>**कर्जा शिर्षक: हा.प. कर्जा**<br>**शाखा कार्यालय : नेपालगंज** | **क) नाम : भरत बहादुर महतराज**<br>पत्नीको नाम : हरीकला महतराज<br>बाबुको नाम : दशराम महतराज<br>बाजेको नाम : मोतीराम महतराज<br>ठेगाना : दिपायल वडा नं.४, डोटी<br>हाल : कोहलपुर-११, बाँके<br>ना.प्र.नं.२३६४/१३९७, जारी मिती . २०४३/०४/०४<br>जारी जिल्ला : डोटी<br>**ख) नाम : शिवशक्ति महतराज**<br>बाबुको नाम : भरत बहादुर महतराज<br>बाजेको नाम : दशराम महतराज<br>ठेगानाः दिपायल वडा नं.४, डोटी<br>हालः कोहलपुर-११, बाँके<br>ना.प्र.नं. : ६८-०१-७४-०२३७५<br>जारी मिति :२०७४/०५/२३, जारी जिल्ला : डोटी |
| **सुरक्षण धितोको विवरणः** यस बेष्ट फाईनान्स कम्पनी लिमिटेडको नाममा यातायात कार्यालय नेपालगंज, बाँकेमा दर्ता रही ऋणी **हरीकला महतराज** कायम रहेको निम्न अनुसाको असोक लेलैन गाडी १ थान :<br>सवारी दर्ता नं. : भे १ ज १२१७, च्यासिस नं. : MBIPA22E6KRH50898, इन्जिन नं. : HKH015250P | |

| ऋणीको विवरण | संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण |
|---|---|
| २. **ऋणीको नामः उपकार मिडिया ग्रुप प्रा.लि.**<br>दर्ता गर्ने निकायः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता.नं: २४३५१६/०७७/०७८, दर्ता मितिः २०७७/०६/१४<br>स्थायी लेखा नम्बरः ६०९८१२६१९<br>ठेगानाः का.जि, काठमाडौं म.न.पा वडा नं ७, सिफल<br>हालः ललितपुर वडा नं. ३, कृष्ण गल्ली, ललितपुर<br>**अख्तियार प्राप्त संचालक/जमानीकर्ताको नामः कमल शाह**<br>बाबुको नाम : छत्र बहादुर शाह<br>बाजेको नाम : खड्ग बहादुर शाह<br>ठेगाना : दोलख जिल्ला, भिमेश्वर न.पा वडा नं ७,<br>हालः काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा वडा नं ३, थानकोट<br>ना.प्र.नं.: १४३७६, जारी मितिः २०५६/०२/०६<br>जारी जिल्ला : दोलखा<br>**कर्जा शिर्षकः हा.प. कर्जा, शाखा कार्यालय : मुख्य शाखा** | **क) नाम : केदार नाथ शर्मा**<br>बाबुको नाम : रत्नाखर शर्मा<br>बाजेको नाम : रभी लाल शर्मा<br>ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं ४,<br>ना.प्र.नं.: २१७३९, जारी मितिः २०५०/०८/०८,<br>जारी जिल्ला : बाँके<br>**ख) नाम : इन्द्रमान बुढा**<br>बाबुको नाम : हिरा बहादुर बुढा<br>बाजेको नाम : प्रमाण बुढा<br>ठेगाना : बागलुङ्ग जिल्ला, ढोरपाटन वडा नं ४,<br>ना.प्र.नं.: ६६६/२७३, जारी मितिः २०५१/०३/१७<br>जारी जिल्ला : बाग्लुङ |
| **सुरक्षण धितोको विवरणः** यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय साना तथा ठुला सवारी साधन वाग्मती प्रदेश ललितपुर नेपालमा यस संस्थाको नाममा दर्ता कायम रहि ऋणी उपकार मिडिया ग्रुप प्रा.लि कायम रहेको निम्न अनुसाको मारुति सुजुकी EECO Van थान १: **सवारी साधन नं. वागमती प्रदेश ०१-०२७ च ०१३३** | |

**पुनश्च :** माथि उल्लेखित ब्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो सम्पत्तिको संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता, फर्मका प्रोप्राईटर तथा धितो सुरक्षण लेखि दिनुहुने जग्गा धनी समेतलाई पूनः अनुरोध गरिन्छ । अन्यथा तो किएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमा नै उपस्थित भई लिलाम सम्बन्धी कार्यको प्रत्यक्ष जानकारी लिनहुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ ।

**धितो लिलाम बिक्रीका शर्तहरु :**

१) बोलपत्र आवेदन फारम २०८०/०८/०८ गते देखि संस्थाको प्रधान कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट रु.१०००।०० तिरी प्राप्त गर्न सकिनेछ ।

२) बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको (Payable Auction Deposit A/C no. 917105010080) खातामा नगद दाखिला गरी सो को सक्कल भौचर, बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) वा यस संस्थाको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque संलग्न गर्नु पर्नेछ ।

३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नुपर्नेछ ।

४) शिलबन्दी बोलपत्र फारम मिति २०८०/०८/२२ गते भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्ने छ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारवाही गरिने छैन ।

५) सो बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औँ दिन यस संस्थाको प्रधान कार्यालय कमलादी काठमाण्डौंमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा बोलपत्र खोलिने छ । बोलपत्र खोलिने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

६) बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५(पन्ध्र) दिन भित्र धरौटि वापत जम्मा गरेको रकम कटाई बाँकी कवोल गरेका रकम यस संस्थामा जम्मा गर्नुपर्नेछ । उक्त मिति भित्र बाँकी रकम जम्मा नगरे धरौटि रकम जफत हुनेछ यसमा पछि कुनै उजुर लाग्ने छैन । स्वीकृत बोलपत्रदाताले सम्पत्ति आफ्नो नाममा दा.खा. नामसारी गर्दा लाग्ने नियमानुसारको सरकारी शुल्क/दे-दस्तुर आफैले बुझाउन पर्नेछ ।

७) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

८) लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट कार्यालय समयमा निरन्तर लिलामको कार्य जारी रहनेछ ।

९) यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु पर्ने भएमा संस्थाको प्रधान कार्यालय कमलादीमा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८०/०८/२४ गते आइतबार (१६ औँ दिन सार्वजनिक विदा परेकोले)**
**स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, समय : दिउँसो ३:०० बजे**



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीको धितोमा रहेको सम्पति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०८/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औँ दिन अर्थात मिति २०८० मंसिर १५ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पतिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीहरुको विवरण:**

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अन्तर्गत मिति २०६७/११/०९ मा प्रा.फ.र.नं. २५९२१/०६७ कायम भई करदाता सेवा कार्यालय बुटवलबाट मिति २०६७/११/११ मा स्थायी लेखा नम्बर (पान) नं. ३०४८९३६५४ अन्तर्गत दर्ता कायम भएको **एपीयरेन्स** (प्रोप्राईटर खडक बहादुरको नाति, भविलालको छोरा स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. १, वस्ने **सुन बहादुर खड्का**, ना.प्र.प.न. १५५७४, जारी मिति २०६१/०२/२७, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

२. खडक बहादुरको नाति, भविलालको छोरा, स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं.१ वस्ने **सुन बहादुर खड्का** (ना.प्र.प.न. १५५७४, जारी मिति २०६१/०२/२७, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. खडक बहादुरको नाति, भविलालको छोरा, स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. १ वस्ने **सुन बहादुर खड्का** (ना.प्र.प.न. १५५७४, जारी मिति: २०६१/०२/२७, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

२. भविलालको बुहारी, दल बहादुर पुनको छोरी, यक नारायण थापाको पत्नी, गुल्मी जिल्ला, अर्बेनी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. १ वस्ने **डिलमाया पुन** (ना.प्र.प.न. ३३४९५, जारी मिति २०५९/१२/१२, जिल्ला प्रशासन कार्यालय गुल्मी) ।

**लिलाम हुने सम्पत्तीको विवरण:**

१. **सुन बहादुर खड्का**को नाममा मालपोत कार्यलय, रूपन्देहीमा दर्ता कायम रहेको, रूपन्देही जिल्ला, आनन्दवन न.पा/गा.वि.स., वडा नं. २ स्थित कित्ता नं. १७२४ र १९३४ को क्षेत्रफल क्रमशः०-१-० र ०-०-१४(वि.क.धु.) को घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौँ) दिन अर्थात २०८० मंसिर १४ गते** भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौँ) दिन अर्थात २०८० मंसिर १५ गते** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर १५ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

**कुमारी बैंक लिमिटेड**
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय ट्राफिक चोक, रूपन्देही फोन नं. ०७१-५३६६३०**


## चालू वर्षको...

पृष्ठ १ बाट क्रमशः

लगानीका कम्पनी, आयोजना, बैंक, बिमा कम्पनीमा विदेशी कर्मचारीको संख्या बढी छ। जलविद्युत् तथा पूर्वाधार आयोजनामा चिनियाँ प्राविधिक कामदार बढी आउने गर्छन्। उनीहरूले नेपालमा कमाउने पैसा रेमिट्यान्समार्फत आफ्नो देश पठाउने गर्छन्।

यद्यपि, यसमा अनौपचारिक माध्यमबाट बाहिरिने रेमिट्यान्स भने समावेश छैन। नेपालमा थुप्रै भारतीय नागरिक वर्क पर्मिट नलिई अनौपचारिक क्षेत्रमा काम गर्दै आएका छन्। उनीहरूले कमाएको प

# युवा संघ र प्रसाईं समूहको उपत्यकामा प्रदर्शन

## बल्खुमा झडप हुँदा १५७ राउन्ड अश्रुग्यास र पाँच राउन्ड रबर बुलेट प्रहार, प्रदर्शनकारीतर्फ २३ र पाँच सुरक्षाकर्मी घाइते

**टेकराज थामी, शुरोजंग पाण्डे**/नयाँ पत्रिका

मेडिकल व्यवसायी दुर्गा प्रसाईं समूह र युवा संघले गरेको भिन्दाभिन्दै प्रदर्शनमा सामान्य तनाव भएको छ। प्रसाईंले नेतृत्वका प्रदर्शनकारी र प्रहरीबीच बिहीबार झडप भएको छ। प्रदर्शनकारी निषेधित क्षेत्रतर्फ अघि बढ्न थालेपछि दुई पक्षबीच झडप भएको थियो।

प्रसाईं नेतृत्वको बल्खु क्षेत्रमा भएको प्रदर्शनमा उत्तेजित प्रदर्शनकारी कुलेश्वर र सानेपातर्फबाट चक्रपथभित्र प्रवेश गर्न खोजेपछि प्रहरीले रोक्ने प्रयास गरेको थियो। सोही क्रममा दुई पक्षबीच झडप भएको थियो। भिड नियन्त्रण गर्न प्रहरीले एक सय ५७ सेल अश्रुग्यास प्रहार गरेको थियो। भिड अझ अनियन्त्रित बन्न थालेपछि प्रहरीले रबरको गोलीसमेत प्रहार गरेको थियो। प्रहरीका अनुसार भिड नियन्त्रणका लागि ५ राउन्ड रबरको गोली प्रहार गरिएको छ। यस क्रममा प्रहरीले 'वाटर क्यानन' पनि प्रहार गरेको छ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता एसएसपी दिनेश मैनालीले भिड निषेधित क्षेत्रमा प्रवेश गर्न थालेपछि प्रहरीबाट बल प्रयोग भएको बताए। 'बिहीबार बल्खुमा भएको प्रदर्शनमा प्रदर्शनकारी निषेधित क्षेत्रमा प्रवेश गर्न अघि बढे। उनीहरूले प्रहरीलाई ईंटा र ढुंगा प्रहार गर्न थाले। भिड अनियन्त्रित बनेपछि प्रहरीले बल प्रयोग गरेको छ। यस क्रममा एक सय ५७ राउन्ड अश्रुग्यास र ५ राउन्ड रबरको गोली प्रहार गरिएको छ,' उनले भने।

बुल्खुस्थित परीक्षा नियन्त्रण कार्यालयअघि प्रसाईंका लागि कार्यक्रमस्थल तोकिएको थियो। कार्यक्रममा प्रसाईंको सम्बोधनपछि भिड बल्खु पुलतर्फ अघि बढेको थियो। उनीहरू कालीमाटी हुँदै त्रिपुरेश्वरतर्फ अघि बढ्न खोजेपछि प्रहरी अवरोधमा उत्रिएको थियो। आक्रोशित प्रदर्शनकारी त्यसपछि ढुंगामुढामा उत्रिएका थिए। जवाफमा प्रहरीले लाठी चार्ज गरेको थियो। त्यसबाट पनि भिड नियन्त्रण नभएपछि 'वाटर क्यानन' प्रयोग गरिएको थियो। भिड अझ उत्तेजित भएपछि प्रहरी अश्रुग्यास र रबर बुलेट प्रहारमा उत्रिएको थियो।

कालीमाटीतर्फबाट अघि बढ्न नसकेपछि प्रदर्शनकारी सानेपातर्फबाट थापाथली प्रवेश गर्न अघि बढेका थिए। प्रहरीले त्यहाँ पनि बल प्रयोग गरेको थियो। दोहोरो झडपमा प्रदर्शनकारीतर्फ २३ जना घाइते भएका छन्। जसमध्ये १७ जना सामान्य उपचारपछि घर फर्किएका छन्। त्यस्तै, प्रहरीतर्फ ५ सुरक्षाकर्मी घाइते भएका छन्। उनीहरूको महाराजगन्जस्थित प्रहरी अस्पतालमा उपचार भइरहेको छ। प्रदर्शनकारीको ढुंगा प्रहारबाट प्रहरीका ३ वटा मेघाफोन, ११ वटा सिल्ड, ३ वटा हेल्मेट र वाटर क्याननमा क्षति पुगेको छ।

उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एसएसपी मैनालीले दोहोरो झडपमा प्रहरी र प्रदर्शनकारी दुवै पक्षका घाइते भएको बताए। 'उनीहरूको अवस्था सामान्य छ। जसमध्ये केही उपचारपछि घर फर्किसकेका छन्। ढुंगा प्रहारबाट प्रहरीका ३ वटा मेघाफोन, ११ वटा सिल्ड, ३ वटा हेल्मेट र वाटर क्याननमा क्षति पुगेको छ।'

यता एमालेनिकट युवा संघले आयोजना गरेको तीनकुनेको प्रदर्शन भने शान्तिपूर्ण भएको थियो। प्रदर्शन हिंसात्मक हुन सक्ने आकलनपछि प्रहरीले काठमाडौं उपत्यका प्रहरी कार्यालयका डिआइजी लालमणि आचार्यको नेतृत्वमा जोइन्ट अप्रेसन कमान्ड सेन्टर(जेओसिसी) गठन गरेको थियो।

उपत्यकाभित्रका तीनवटै जिल्ला सम्मिलित जिल्ला सुरक्षा समितिको निर्देशनपछि प्रहरीले कमान्ड सेन्टर गठन गरेको थियो। त्यसबाहेक तीनवटै जिल्लामा जिल्ला सुरक्षा समितिको कमान्ड पोस्ट पनि स्थापना गरिएको थियो। प्रहरीका अनुसार कमान्ड सेन्टर र कमान्ड पोस्ट प्रदर्शन जारी रहेसम्म कायम रहनेछ। प्रसाईं नेतृत्वको प्रदर्शन शुक्रबार पनि जारी रहने भनिएको छ। सेन्टरमा सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनाका सात उच्च अधिकारी सहभागी रहेका थिए। दुवै प्रदर्शनमा सहभागी सुरक्षाकर्मी सेन्टरकै कमान्डमा परिचालन भएका थिए। सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका करिब सात हजार सुरक्षाकर्मी फिल्डमा खटिएका थिए।

प्रदर्शनको सुरक्षार्थ प्रहरीले प्रहरी प्रधान कार्यालयबाट थप सुरक्षा दस्ता परिचालन गरेको थियो। त्यसबाहेक उपत्यकाभित्रका तीनवटै जिल्लामातहतका सुरक्षाकर्मी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागसहित करिब १० हजार सुरक्षाकर्मी सुरक्षार्थ परिचालन गरिएका थिए। हाल जिल्ला प्रहरीपरिसर काठमाडौं मातहत पाँच हजार, ललितपुर परिसरमातहत एक हजार पाँच सय र भक्तपुर परिसरमातहत एक हजार सुरक्षाकर्मी कार्यरत छन्।

प्रदर्शनको सुरक्षार्थ प्रविधिकोसमेत उच्चतम प्रयोग गरिएको थियो। प्रदर्शन हुने स्थानको सुरक्षार्थ ड्रोन क्यामेरा परिचालन गरिएका थिए। नाराजुलुस हुने ठाउँमा पनि ड्रोन क्यामेरा परिचालन गरिएका थिए। त्यसबाहेक सडक र चोकमा जडान गरिएका सिसिक्यामेरामार्फत पनि नाराजुलुस निगरानीमा रहेका थिए। कार्यक्रमस्थलमा सादा पोसाकका सुरक्षाकर्मी पनि खटिएका थिए। सूचना संकलनमा राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर पनि समर्थकसँगै खटिएका थिए।

### ■ युवा संघको प्रदर्शन शान्तिपूर्ण



तीनकुनेमा राष्ट्रिय युवा संघले आयोजना गरेको कार्यक्रमका सहभागी। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

एमालेको युवा र विद्यार्थी संगठन राष्ट्रिय युवा संघ नेपाल र अनेरास्वावियुको नेतृत्वमा आयोजित प्रदर्शन बिहीबार कोटेश्वरको तीनकुनेमा सम्पन्न भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रक्षा तथा भ्रष्टाचार, अनियमितता र अराजकताविरुद्ध भनिएको प्रदर्शन शान्तिपूर्ण रह्यो। प्रदर्शनमा एमालेसम्बद्ध युवा-विद्यार्थीसहित जनसंगठन र पार्टीका कार्यकर्ताको उल्लेख्य सहभागिता थियो। प्रदर्शनकारीले कोटेश्वर हुँदै तीनकुनेलाई एक चरण परिक्रमा गरेका थिए। त्यसलगत्तै सभा र सांस्कृतिक कार्यक्रमसहित दुई घन्टामा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रमलाई एमाले स्थायी समिति सदस्य भानुभक्त ढकाल, पोलिटब्युरो सदस्य महेश बस्नेत, संघका अध्यक्ष क्षितिज थेबे, अनेरास्वावियुका अध्यक्ष समिक बडाललगायतले सम्बोधन गरे। ढकालले सरकारकै कारण गणतन्त्रविरुद्ध अराजकतावादीहरूले अराजकता फैलाउने मौका पाएको भन्दै तत्काल नियन्त्रण नगरे एमाले चुप लागेर नबस्ने चेतावनी दिए। नेता बस्नेतले गणतन्त्रमाथि औंला उठ्दा एमाले अग्रपंक्तिमा उभिएर प्रतिरोधमा उत्रिने चेतावनी दिए। उनले दुर्गा प्रसाईंले फैलाएको अराजक प्रवृत्तिलाई एमालेका युवाहरूले परास्त गरेरै छाड्ने प्रतिबद्धतासमेत बताए। अनेरास्वावियुका अध्यक्ष बडालले अहिलेको गणतान्त्रिक व्यवस्था ल्याउन जेलनेल खेपेर आन्दोलनमा रगत बगाएकाले व्यवस्थाको रक्षार्थ जस्तोसुकै कुर्वानी गर्न पनि तयार रहेको प्रतिबद्धता जनाए।

### ■ प्रसाईं समूहले प्रदर्शनलाई निरन्तरता दिने



बल्खुमा दुर्गा प्रसाईं समूहले आयोजना गरेको जनप्रदर्शनमा विभिन्न जिल्लाबाट आएका सर्वसाधारण। तस्बिर : सँजित परियार/नयाँ पत्रिका

दुर्गा प्रसाईंले नेतृत्व गरेको समूहले बिहीबार बल्खुमा प्रदर्शन गरेको छ। प्रदर्शन सकिएपछि पत्रकार सम्मेलन गरेका प्रसाईंले प्रदर्शनलाई निरन्तरता दिने घोषणासमेत गरेका छन्। बल्खुको प्रदर्शनमा सहभागी हुन उपत्यकाका विभिन्न सात स्थानबाट च्याली निकालिएका थिए। प्रदर्शनमा राष्ट्रिय झन्डा र धार्मिक झन्डासहित सहभागिता जनाएका थिए। प्रदर्शनका क्रममा बल्खुमा निषेधित क्षेत्र तोड्न खोज्दा र युवा संघसँगको झडप हुँदा बल्खु क्षेत्रमा प्रहरीले बल प्रयोग गरेको थियो। प्रसाईंले झडपका क्रममा आफ्नो समूहबाट २६ जना घाइते भएको बताए। प्रदर्शनमा सम्बोधन गरेका प्रसाईंले सरकार जनसरोकारका विषय सम्बोधन गर्न असफल भएको भन्दै आन्दोलनको विकल्प नरहेको बताएका थिए। प्रसाईंले प्रदर्शनलाई जनविद्रोहको सुरुवात भएको जिकिर गरेका थिए।

कार्यक्रममा राप्रपा प्रवक्ता तथा सांसद ज्ञानेन्द्र शाहीसमेत सहभागी भएका थिए। शाहीले राजतन्त्रको वकालत गर्ने सबै शक्तिको आन्दोलनमा आफ्नो नैतिक समर्थन रहने बताएका थिए। शुक्रबारबाट काठमाडौंको तीनकुनेमा प्रदर्शन गर्ने प्रसाईंको भनाइ छ। साथै, उनले आन्दोलनलाई देशव्यापी बनाउने बताएका छन्। 'व्यवस्था परिवर्तन नभएसम्म आन्दोलन निरन्तर रहन्छ,' प्रसाईंले भने।

### ■ मानव अधिकार आयोगको अनुगमन

बिहीबारको प्रदर्शनलाई मानव अधिकार आयोगले समेत अनुगमन गरेको थियो। आयोगले प्रदर्शनलाई शान्तिपूर्ण र संयमित बनाउन एवं संविधान पालनामा संवेदनशील हुन आग्रह गरेको छ। आयोगले अनुगमनको क्रममा तीनकुनेमा युवा संघको प्रदर्शन शान्तिपूर्ण भएको बताएको छ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले जारी गरेको विज्ञप्तिमा बल्खुमा भएको प्रदर्शनमा युवा संघ र प्रसाईं समूहबीच झडप भएको साथै प्रहरीको सुरक्षा घेरा तोड्न खोज्दा झडप भएको उल्लेख गरिएको छ। 'अनुगमनको क्रममा तीनकुनेमा आयोजित युवा संघ नेपालको प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइएको छ। बल्खुमा भएको प्रदर्शनमा युवा संघ र प्रसाईं पक्षका समूहबीच झडप तथा ढुंगा र ईंटा प्रहार भएको, प्रसाईं पक्षको समूहबाट प्रहरीको सुरक्षा घेरा तोडेर कालीमाटीतर्फ जान खोज्दा प्रहरीसँग झडप भएको, स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र पानीका फोहोरा प्रहार गरेको सोक्रममा केही मोटरसाइकल, स्कुटरमा सामान्य क्षति पुगेको तथा केही व्यक्ति घाइते भएको अनुगमनबाट पाइएको छ,' आयोगले विज्ञप्तिमार्फत भनेको छ।

# आइटी सेन्टर खोलेर अनलाइनबाट विदेशीलाई ठगी

धनगढीमा **तेजराज भट्ट**

अनलाइन माध्यमबाट विदेशी नागरिक ठगी गरेको आरोपमा प्रहरीले कैलालीको धनगढीबाट चारजना भारतीय नागरिकसहित नौजनालाई पक्राउ गरेको छ। उनीहरूले धनगढीमा आइटी सेन्टर सञ्चालन गरेर अनलाइनबाट पोल्यान्डलगायत देशका नागरिकलाई संगठित रूपमा ठगी गर्दै आएको प्रहरीले दाबी गरेको छ।

पक्राउ परेकाबाट २९ लाख ३२ हजार तीन सय भारु, ११ थान ल्यापटप, ११ थान मोबाइललगायत सामान बरामद गरिएको सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) भरतबहादुर बोहराले जानकारी दिए। उनीहरूले भिसिडायल सफ्टवेयरको प्रयोग गरेर अनलाइनबाट 'मनी लाउन्ड्री', दुर्घटना बीमालगायत विषयमा पोल्यान्डलगायत देशका नागरिकलाई ठगी गर्ने गरेको पाइएको डिआइजी बोहराले बताए। प्रहरीका अनुसार पक्राउ पर्नेमा कञ्चनपुरको बेल्डाँडी गाउँपालिका- २ बस्ने ३० वर्षीय विशाल सुनार, २८ वर्षीय कमल सुनार, २२ वर्षीय जयराम सुनार, कञ्चनपुरको पुनर्वास नगरपालिका- ६ बस्ने २९ वर्षीय मीनबहादुर सुनार र डोटीको शिखर नगरपालिका- १० बस्ने २१ वर्षीय प्रशान्त बलायर छन्। त्यस्तै, भारतको करोलबाग दिल्ली घर भएका २४ वर्षीय निखिल कुमार, १९ वर्षीय प्रिन्सु टापु, पालंगा दिल्ली घर भएका ३२ वर्षीय अमित कुमार र उत्तमनगर दिल्ली घर भएका २६ वर्षीय कुनाल शर्मा पक्राउ परेका छन्।

नौजनाको समूहले धनगढी उपमहानगरपालिका- ५ तारानगरमा मासिक ४० हजार रुपैयाँमा घर भाडामा लिएर आइटी सेन्टर सञ्चालन गर्दै आएको प्रहरीले जनाएको छ। 'आइटी सेन्टर भनेर घर भाडामा लिए पनि बोर्ड लगाइएको थिएन, उनीहरूका गतिविधि शंकास्पद देखिएपछि प्रहरीले केही दिनदेखि निगरानी गरिरहेको थियो,' डिआइजी बोहराले भने, 'अनलाइनबाट विदेशी नागरिकलाई प्रलोभन पार्ने र धम्क्याएर ठगी गर्ने गरेको देखिएपछि छापा हानेर उनीहरूलाई नियन्त्रणमा लिएका हौं।' प्रदेश प्रहरी कार्यालयको अपराध अनुसन्धान समूह, प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले बुधबार बेलुकी आइटी सेन्टरमा छापा हानेको थियो। प्रदेश प्रहरी कार्यालयले पक्राउ परेकालाई बिहीबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ। प्रारम्भिक अनुसन्धानका क्रममा विदेशी नागरिकलाई ठगी गर्ने यो गिरोहका मुख्य नाइके भारतको दिल्ली बस्ने सूर्य सरदार रहेको खुलेको प्रहरीले जनाएको छ।

# भूपू गोर्खाको पेन्सनबारे छलफल नभई टुंगियो मन्त्रीस्तरीय वार्ता

**काठमाडौं**/ नेपाल र बेलायत सरकारबीच भूतपूर्व गोर्खाको पेन्सन र सुविधालगायत विषयमा बुधबार राति भएको मन्त्रीस्तरीय वार्तामा पेन्सनको विषयमा छलफल नभई टुंगिएको छ। भूतपूर्व गोर्खाहरूको सुविधा (वेलफेयर) विषयमा छलफल भए पनि बेलायती पक्षले समयाभाव देखाउँदै विस्तृतमा छलफल गर्न नचाहेपछि एक घन्टामा वार्ता टुंगिएको हो।

भूपू गोर्खाहरूको माग सम्बोधनका विषयमा गठित द्विपक्षीय समितिको यो तेस्रो बैठक हो। रक्षा मन्त्रालयमा आयोजित वार्तामा बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्य, बेलायती रक्षा राज्यमन्त्री एन्ड्रिउ मुरिसन तथा एवं भूपू गोर्खाहरूका तर्फबाट मेजर (अप्रा) जुद्धबहादुर गुरुङले नेतृत्व गरेका थिए। बैठकमा परराष्ट्र मन्त्रालयका सहसचिव गणेशप्रसाद ढकाल, नेपाली दूतावासका उपनियोग प्रमुख रोशन खनाल, सैनिक सहचारी सहायक रथी रत्नबहादुर गोदार तथा भूतपूर्व गोर्खाहरूका तर्फबाट धर्मबहादुर तामाङ, कृष्णबहादुर राई तथा बेलायत सरकारका तर्फबाट रक्षा मन्त्रालय र अन्तर्गतका अधिकारीहरू सहभागी थिए।

नेपाली दूतावासका उपनियोग प्रमुख खनालका अनुसार बैठकमा यसअघि भएका द्विपक्षीय समितिका बैठक तथा प्राविधिक तहमा भएको छलफलका आधारमा पेन्सन एवं कल्याणकारी सुविधाबारे छलफल भएको छ। 'कुनै विषयमा ठोस सहमति भएको छैन, तर वार्ता जारी राख्ने भन्नेछ,' खनालले भने। दूतावासका अनुसार बेलायती रक्षा मन्त्रालयका तर्फबाट भूपू गोर्खाहरूले उठाएका धेरैजसो विषयमा जवाफ प्रस्तुत गरेका थिए। वार्तामा सहभागी पूर्वमेजर गुरुङका अनुसार पेन्सनका विषयमा छलफल हुन पाएन। 'बेलायतका राज्यमन्त्रीले एक घन्टा मात्रै समय छ, त्यसपछि अर्को बैठकमा जानु छ भन्नुभएपछि हामीले पर्याप्त छलफल नै गर्न पाएनौं,' उनले भने।

# वडाध्यक्षलाई साढे चार महिना कैद सजाय

**कास्की**/ जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुर गरेको आरोपमा पोखरा महानगरपालिका- २४ का वडाध्यक्ष भरतबहादुर अधिकारीलाई अदालतले कैद र जरिवाना सुनाएको छ।

कास्की जिल्ला अदालतका न्यायाधीश अवनी मैनाली भट्टराईको एकल इजलासले बिहीबार वडाध्यक्ष अधिकारीलाई चार महिना १५ दिन कैद, ७५ हजार रुपैयाँ जरिवानासँगै पीडित वडासदस्यलाई १० हजार क्षतिपूर्ति भराउने फैसला गरेको हो। अदालतका सूचना अधिकारी सुरज अधिकारीले पीडितको मागदाबी पुगेपछि सोहीअनुसार फैसला भएको बताए।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ७ को १ (क) मा भएको व्यवस्थाअनुसार अधिकारीलाई सजाय सुनाइएको उनले बताए। दफा ७ को १ (क) मा दफा ४ का उपदफा २, ३, ४, ५, ६ वा ७ बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा ५० हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ।


**कर्जा रकम चुक्ता गर्न आउने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०८/०८**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट धितो सुरक्षण तथा सामुहिक जमानीमा आधारित धितो तथा बिना धितो कर्जा लिएका तथा आर्थिक कारोवार गर्ने केहि सदस्य/व्यक्तिहरुले वित्तीय संस्थासँग शर्तनामामा उल्लेख गरे अनुसार मासिक रुपमा साँवा ब्याज बुझाउनु पर्नेमा उक्त लिखतको शर्तनामा उल्लंघन गरी नियमित किस्ता भुक्तानी नगरेको र पटक पटक लिखित तथा मौखिक रुपमा तर-ताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदेखाएको हुँदा संस्थाको कर्जा असुली कार्यविधि बमोजिम यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा हालसम्म तिर्न बुझाउनुपर्ने सम्पुर्ण साँवा, ब्याज र हर्जना समेत सम्बन्धित शाखा कार्यलयमा गएर एकमुष्ट बुझाउनुहोला, अन्यथा बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम थप असुली प्रकृया अवलम्बन गरिने, राष्ट्रिय स्तरको पत्र-पत्रिकामा तीन पुस्ते नाम खुलाई सूचना प्रकाशित गरी सुरक्षणमा रहेको धितो लिलामीको प्रकृया सुरु गरिने, ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानुन बमोजिम कारबाही गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाँई ऋणी तथा जमानीकर्ताको नाम कालोसुचीमा समावेश गर्न कर्जा सुचना केन्द्रमा सिफारिस गरी पठाईने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवाला सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**महुली लघुवित्त वित्तीय संस्था लिमिटेड**

रजिष्टर्ड कार्यालय अर्नीसाईर कृष्णासवरन-६, महुली, सप्तरी

फोन नं. ०३१- ४११००५, ४११००६ फ्याक्स नं. ०३१-४११००८


# नेपाल स्काउटमा बेथिति

# कार्यकाल चार वर्ष, तदर्थ समितिले गुजाऱ्यो पाँच वर्ष

नयाँ पत्रिका

कानुनअनुसार चारवर्षे कार्यकाल रहने नेपाल स्काउटमा तदर्थ समितिले पाँच वर्ष गुजारेपछि बल्ल निर्वाचनको तयारी भएको छ। १३ वर्षदेखि नै तदर्थ समितिको भरमा चलिआएको संस्थामा अब भने चुनावको तयारी भएको छ।

गत २९ असोजमा बसेको स्काउट राष्ट्रिय तदर्थ समितिको बैठकले नेपाल स्काउट राष्ट्रिय परिषद्को निर्वाचन आगामी ६ पुसमा गर्ने निर्णय गरेको छ। निर्वाचन समिति गठनका लागि सहसचिवसरहको अधिकृतलाई संयोजक तोकी पठाइदिन स्काउटले युवा तथा खेलकुद मन्त्रालयलाई पत्राचारसमेत गरेको छ। नेपाल स्काउटको निर्वाचन निर्देशिका, २०७८ मा निर्वाचन गर्न मन्त्रालयले तोकेको सहसचिवसरहको अधिकृत संयोजकत्वमा स्काउटको कानुनी सल्लाहकार र कार्यालय प्रमुख सदस्य रहने निर्वाचन समिति गठन हुने व्यवस्था छ। यही व्यवस्थाअनुसार स्काउटले मन्त्रालयलाई पत्राचार गरेको छ। हाल स्काउटमा प्रमुख आयुक्तसहित राष्ट्रिय परिषद् मा पाँचजना छन्। परिषद्को प्रमुख आयुक्तमा लोकबहादुर भण्डारी र सदस्यहरूमा शिवबहादुर भण्डारी, विजेन्द्र ध्वजू, इन्द्रभूषण यादव (अधिकारी) र सीमा कर्ण छन्।

६ महिनाका लागि तोकिएको विद्यमान परिषद् समितिले पाँच वर्ष गुजारेको छ। नेपाल स्काउट ऐन, २०५० को दफा १६ को उपदफा १ अनुसार प्रमुख आयुक्तको पदावधि चार वर्षको रहने व्यवस्था छ। तर, तदर्थ समितिले नै कानुनले तोकेभन्दा बढी अवधि गुजारेको छ। स्काउटको स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनलगायत दैनिक प्रशासनिक, व्यवस्थापकीय कार्यसम्पादन गर्न, नेपाल स्काउटको नयाँ ऐन लागू भएको ६ महिनाभित्र निर्वाचन सम्पन्न गरी निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्न र ऐन तथा नियमावलीको परिधिभित्र रही राष्ट्रिय कार्यकारी समितिसमेतको कार्य गर्न मन्त्रीस्तरको निर्णयबाट यो राष्ट्रिय तदर्थ समिति गठन गरिएको थियो। १६ पुस ०७५ मा तदर्थ समिति गठन भएको थियो। यस समितिलाई एक वर्षभित्र निर्वाचन गरी परिषद् तथा कार्यकारी समितिलाई पूर्णता दिने जिम्मेवारी तोकिएको थियो।

तर, न नयाँ ऐन जारी हुन सक्यो, न नयाँ निर्वाचन नै हुन सक्यो। बीचमा सरकार परिवर्तन, राजनीतिक कारणलगायतले तदर्थ समिति नै हालसम्म कायम रहन पुगेको हो। नयाँ स्काउट ऐन जारी गर्न विधेयक मन्त्रिपरिषद्मा पेस भए पनि अघि बढ्न नसकेपछि फिर्ता भयो भने निर्वाचन पनि नभएपछि तदर्थ समिति नै काम गर्दै आएको छ।

यसैबीचमा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको आरोप लगाएर तदर्थ समिति भंग गरी स्काउटको दैनिक प्रशासनिक कार्य सञ्चालनसहित नयाँ निर्वाचन सम्पन्न गरी परिषद् र कार्यकारी समिति गठन गर्ने कार्यभारसहित तत्कालीन प्रधानमन्त्रीको निर्देशनमा मन्त्रालयले १९ मंसिर ०७८ मा नयाँ तदर्थ समिति गठन गरेको थियो। रविन दाहाल संयोजक र राजीव खत्री सहसंयोजक रहने गरी १५ सदस्यीय तदर्थ समिति गठन गरिएको थियो। यसविरुद्ध अधिल्ला राष्ट्रिय संयोजक भण्डारीले सर्वोच्च अदालतमा रिट दायर गरे। अदालतले २१ गते उनको पक्षमा अन्तरिम आदेश दियो। तर, फैसला हालसम्म पनि भएको छैन। कानुनबमोजिम चारवर्षे अवधि रहेको पदमा तदर्थ पदाधिकारीले त्योभन्दा बढी अवधि गुजारिसक्दा पनि अन्तरिम आदेशको भरमा निरन्तर कामकाज गरिरहनु अनुचित भएको उक्त अन्तरिम आदेश खारेजीको मागसहित गत ५ भदौमा मन्त्रालयले सर्वोच्चमा भ्याकेट हालेको छ। तर, यसको सुनुवाइ हुन सकेको छैन।

### ■ निर्वाचन नै नहुने तदर्थ संस्था बन्यो स्काउट

स्काउट लामो समयदेखि तदर्थ समितिकै भरमा चल्दै आएको छ। स्काउटमा ०६८ पछि नै पदाधिकारीको चुनाव नै भएको छैन। सरकार फेरिएसँगै नयाँ राजनीतिक भागबन्डाका आधारमा नयाँ तदर्थ समिति बन्ने रोग यहाँ व्याप्त छ। स्काउट कानुनमा संस्था चलाउन राष्ट्रिय परिषद्को व्यवस्था छ। यो परिषद्मा पदाधिकारी निर्वाचनबाट चुनिन्छन्। सातै प्रदेशबाट ८-८ जना गरेर राष्ट्रिय परषद्मा ५६ जना पदाधिकारी आउँछन्। त्यसमध्येबाट एकजना प्रमुख आयुक्त चुन्ने व्यवस्था छ। प्रमुख आयुक्तको नेतृत्वमा निजसहित १५ जना आयुक्त रहने व्यवस्था छ। तर, राजनीतिक हस्तक्षेप र भागबन्डाका कारण परिषद्को निर्वाचन प्रभावित हुँदै आएको छ भने काम पनि प्रभावकारी हुन सकेको छैन। अब भने स्काउटले निर्वाचनको निर्णय गरेको छ।


**डिभिजन वन कार्यालय जाजरकोटको**

**लिलाम बिक्री सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०८०/०८/०८**

यस कार्यालयको कार्यक्षेत्र अन्तरगत प्र.नि. सुनिल थापा नेपाली समेतको जाहेरीले जिल्ला जाजरकोट छेडागाड न.पा. ७ बस्ने सुरेन्द्र बहादुर शाही समेत भएको अवैध जडिबुटी ओसारपसार गरेको मुद्दामा बरामद भएको १६९२.०४ के.जी. परिमाणको जटामसी (Nardostachys grandiflora) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस कार्यालयको सूचना पाटी तथा वेभसाईट www.dfojajarkot.gov.np मा विस्तृत सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

# ठूलो एकादशीमा कोलाहल

## समाजमा नैतिक र सामाजिक साख नभएका व्यक्तिलाई सरकारले महत्त्व दिने हो भने नेपाली समाज कहिल्यै पनि अघि बढ्न सक्दैन



● किशोर नेपाल
देशकाल

बितेका केही दिनदेखि विभिन्न सामाजिक सञ्जाल र सामाजिक सञ्जालकै शैलीमा सञ्चालित विभिन्न पत्र-पत्रिकाले अनुमान गरेजस्तो नेपाल कम्युनिस्ट पार्टी (एमाले) को युवा संघका नेता महेश बस्नेत र एमाले पार्टीकै पूर्वकेन्द्रीय सदस्य दुर्गा प्रसाईंका समर्थकबीच, बिहीबार अपराह्न यी पंक्तिहरू लेखियुन्जेलसम्म घोर-घमासानका द्वन्द्व भएका थिएनन्। एकजनाले लोकप्रिय मानिने सामाजिक सञ्जाल फेसबुकमा लेखे- राजा फाल्न लडेका युवाहरू राजा भएको देशमा गएर काम गर्नुपरेको छ। उनले सबैको मन छुने टिप्पणी लेख्न खोजेका थिए। तर, यो कुरा बुझेका थिएनन्- रोजगारीका लागि विदेश, खासगरी खाडी मुलुक, जाने चलन राजा वीरेन्द्रको शासनकालदेखि नै चलेको थियो। उता, खाडीका देशहरू पेट्रोलियमका कारण धनी हुँदै गएका थिए। यता हाम्रो देश राजपरिवारको वरद नेतृत्वमा जनसंख्या नियन्त्रणमा सक्रिय थियो। हामी जनशक्ति उत्पादनमा अब्बल बन्दै गयौं। अरू देश धनी बन्दै गए। हामी कमाराको अवस्थामा ओर्लियौं।

यो अवस्थाले हामीलाई घर न घाटको स्थितिमा ल्याइपुऱ्यायो। राजा वीरेन्द्रले विकासको मूल फुटाउन आह्वान गरे जनतासँग। त्यसैका लागि उनले गाउँफर्क राष्ट्रिय अभियानको थालनी गरे।

तर, कुनै कोणबाट पनि जनतासँग नजोडिएको यो अभियान देशका लागि अभिशाप र राजाका लागि अनिष्ट साबित भयो। गरिबी र बेरोजगारी बढ्दै गएपछि देशमा विद्रोहका लप्काहरू छ्यापछ्याप्ती भए। ०३६ साल आयो। विपत्तिसँग लड्न लोकतान्त्रिक समाधान खोजियो। राजा महेन्द्रको मनोगत सिर्जनाका रूपमा रहेको निर्दलीय पञ्चायत व्यवस्था र लोकतान्त्रिक व्यवस्थाबीचको जनमतसंग्रहमा झिनो मतले निर्दल जित्यो। नेपालका विख्यात वामपन्थी नेता मनमोहन अधिकारीले आरोप लगाउनुभयो- निर्दललाई जिताउन जनक शिक्षा सामग्री केन्द्रको छापाखानामा जाली मतपत्र छपाइएका थिए।

देशमा आज पनि कृषिमलको एउटा कारखाना खुल्न सकेको छैन। तर, त्यही समयमा देशमा सूर्य टोबाको कम्पनी खुल्यो। यस कम्पनीमा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र शाहको स्वामित्व थियो। विकासप्रेमी राजा वीरेन्द्रले हस्तक्षेप गरेको भए परिस्थिति सुध्रिने थियो, तर सुध्रिएन। सरकारी स्वामित्वको जनकपुर चुरोट कारखाना बेवारिसे भयो। सूर्य टोबाकोको एकाधिकार कसिँदै गयो। यो चार दशक पुरानो घटनाको उल्लेख आफैंमा तीतो अनुभूति हो। तर, देशमाथि जनताको पूर्ण स्वामित्व रहेको गणतन्त्रविरुद्ध जस-जसले प्रतिक्रान्तिको नारा लगाएका छन् वा लगाउँदै छन् तिनले निरंकुश राजतन्त्रको विकृत अनुहारलाई छोप्न खोजेका छन् र ती सबैको अनुहारमा कालोमोसो पोतिएको स्पष्ट देख्न सकिन्छ।

यो सत्य हो, ०४६ सालको परिवर्तनपछि परिवर्तनका संवाहक बनेका नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का नेताहरू अलिकति पनि विवेकशील भएनन्। ०४७ सालमा भएको संसदीय चुनावपछि गठन भएको नेपाली कांग्रेसको बहुमतको सरकार नेताहरूको अहंकारको सिकार भयो। ०५२ सालसम्म आइपुग्दा यति धेरै विकृति थुप्रिए कि जनताले चित्त बुझाउनै पाएनन्। राजनीतिका चतुरतम खेलाडी मानिएका गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा दुवैले लोकतन्त्रको सन्तुलित प्रयोग गर्न सकेनन्। त्यतिवेला कांग्रेस र एमाले पारस्परिक दुस्मनीमा रमाए।

नेपालमा आएको संघीय गणतन्त्र हिजोको व्यवस्था पक्कै होइन। यो त गणतन्त्र हो भनेर खुसी व्यक्त गर्नेहरू थुप्रै छन् र जतातै छन्। लौ त, यसविरुद्ध कसले औंला ठड्याउँछ हेरूँ त ! भन्ने भावमा नेताहरू कुर्लिएको देखिन्छ। तर, एउटा-एउटा सानो महामारीले सरकारलाई हाराबारा खेलाउँदै आएको छ। प्रधानमन्त्रीको मुखबाट अर्थ न बर्थका वाणीहरू प्रकट भइरहेका छन्। यो कुरा के हो त ? यस्तो किन हुन्छ ? राजनीति गर्ने प्रत्येक महापुरुषलाई



> नेताहरूले संगतिको खोजमा नलागेर शासनसत्ताको अभिमानमा डुबुल्की मारिरहने हो भने भविष्यको कुरा गर्नु नै निरर्थक हुन्छ। यो ठूलो एकादशी कोलाहलमा बित्यो। आउने अर्को अवसर सौम्य र शान्त रहोस्।

हामीले यो कुरा सोध्यौं भने जवाफ आउँछ, 'होइन, प्रचण्डले नसकेको हो। मैले भए गर्छु।' प्रचण्डले नसकेको भनेर कसरी पत्याउनु ? संसद्को चुनावमा बत्तीस सिट जितेर निर्बिघ्न सरकार चलाउने उहाँको खुबी साबित भइसकेको छ। उहाँले हालै भारतको भ्रमणमा उज्जैन गएर त्यहाँको प्रसिद्ध तीर्थ महाकालेश्वरको दर्शन गर्नुभयो। राजनीतिक दर्शनशास्त्रका पुस्तकमा जे लेखिएको छ, त्यसलाई यथावत् मान्नुभन्दा त्यसका अर्थ र उपादेयतामा ध्यान दिनु बुद्धिमानी हुने त पक्कै छ।

जतिवेला देशमा माओवादी संकट छाएको थियो, त्यतिवेला पनि 'मैले सक्छु' भनेकै भरमा बारम्बार प्रधानमन्त्री फेरिएका थिए। 'अरूले गर्न सकेनन्। यो समस्याको समाधान मबाट मात्रै हुन सक्छ,

> देशमाथि जनताको पूर्ण स्वामित्व रहेको गणतन्त्रविरुद्ध जस-जसले प्रतिक्रान्तिको नारा लगाएका छन् वा लगाउँदै छन्, तिनले निरंकुश राजतन्त्रको विकृत अनुहारलाई छोप्न खोजेका छन्

मैले भए गर्छु' भनेर गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभएको थियो। त्यसअघिका दुई प्रधानमन्त्रीत्वकाल भ्याइसक्नुभएका गिरिजाबाबुलाई त्यसपछि पनि प्रधानमन्त्री पदको शपथ-ग्रहण गर्ने साइत पटकपटक जुरिरह्यो। गिरिजाप्रसादको साइतको त्यो लहरो अस्तित्वशील रहेका वेलामै एकपटक फेरि शेरबहादुरले घोषणा गर्नुभो, म माओवादीलाई मिलाउँछु।

उहाँ प्रधानमन्त्री हुनुभयो। तर, माओवादीलाई मिलाउन सक्नुभएन। अहिलेका कुनै पनि नेतालाई यस्तै लागेको हुन सक्छ। आफू प्रधानमन्त्री भए मुलुकलाई एक दशकभित्र भूस्वर्ग बनाउने दाबी गर्नेहरू संसदीय परिसरमा थुप्रै भेटिन्छन्। अहिलेको व्यवस्थालाई सबैले बुझेका छन्, यो संसदीय व्यवस्थाकै एउटा अर्को संस्करण हो। सुरुमा माओवादीका सर्वोच्च नेताको हैसियतले प्रचण्डजीले यसमा चित्त बुझाउनुभएको थिएन। निकै पछिसम्म पनि माओवादी नेताहरू आफू संसदीय व्यवस्थामा समाहित नभएको बताउँथे।

राजा वीरेन्द्रको वंशनाशको रहस्यमय घटनापछि देशमा स्थापित लोकतान्त्रिक पद्धति अस्थिर भयो। राजाका रूपमा स्थापित ज्ञानेन्द्र शाहले लोकतान्त्रिक पद्धतिमा अनेक विकृत प्रयोग गरे। पञ्चायतकालको प्रारम्भमा आफ्ना पिता राजा महेन्द्रले व्यवस्थाको पक्षमा प्रयोग गरेका नामी-गिरामी व्यक्तित्वलाई वरिपरि राखेर आफूलाई कार्यकारी प्रमुखका रूपमा प्रस्तुत गर्ने 'महाराज' ज्ञानेन्द्रको प्रयोग सामन्तवादको नमुना थियो। यस घटनाले देशमा लोकतन्त्रको अपरिहार्यता साबित गऱ्यो। ज्ञानेन्द्रले लोकतन्त्रको उपेक्षा गरेपछि नेपालका लागि संघीय गणतन्त्र अपरिहार्य बनेको हो।

निश्चय पनि, ज्ञानेन्द्र अहिलेका घटनाक्रममा कतै जोडिएका देखिँदैनन्। हो, भारत, उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको सामीप्यमा उनी रमाउँछन्। योगी आदित्यनाथमाथि उनको भरोसा छ। गोर्खाका कनफट्टा सम्प्रदायसँग योगीको सम्बन्ध भारतमा भन्दा बढी नेपालमा चर्चित छ। तर, समस्या के छ भने आध्यात्मिक शक्तिका हिसाबले जतिसुकै शक्तिशाली भए पनि योगी आदित्यनाथमा राजा ज्ञानेन्द्रलाई पुनः सिंहासनारुढ गराउने शक्ति छैन। भारतीय राजनीतिमा त्यो एक हिसाबले दुरुह चिन्तन हो। उसो त, महाराज ज्ञानेन्द्र मात्रै योगी आदित्यनाथका सामीप्यमा रमाउने व्यक्ति होइनन्। नेपालको राजनीतिमा सफल हुने सूत्रको खोजीमा लागेका कांग्रेस, एमाले, माओवादी, जसपा, लोसपालगायत दलका 'महत्त्वपूर्ण' नेताहरू हिजोआज उत्तर प्रदेशको राजधानी तथा नवावी सहर लखनउको चारवागतिर भेटिने गरेको जानकारी नेपालगन्जका पत्रकार मित्रहरूबाट पाइन्छ।

दुर्गा प्रसाईंले आफ्नो जिब्रो पड्काउन मात्र ज्ञानेन्द्रको नामको उपयोग गरेको मान्नु पनि कठिन नै हुन्छ। तर, दक्षिण एसियाको मौसम अहिले नेपालमा परिवर्तनको अनुकूल देखिँदैन। यी कुरा प्रधानमन्त्री प्रचण्ड तथा अरू जिम्मेवार नेताले बुझेकै होलान्। समाजमा नैतिक र सामाजिक साख नभएका व्यक्तिलाई सरकारले महत्त्व दिने हो भने नेपाली समाज कहिल्यै पनि अघि बढ्न सक्दैन। नेताहरू संगतिको खोजमा नलागेर शासन-सत्ताको अभिमानमा डुबुल्की मारिरहने हो भने भविष्यको कुरा गर्नु नै निरर्थक हुन्छ। यो ठूलो एकादशी कोलाहलमा बित्यो। आउने अर्को अवसर सौम्य र शान्त रहोस्।

## ३ प्रश्न

राजनीतिक विश्लेषक **प्रा. कृष्ण पोखरेल**लाई



**कोशी प्रदेशको राजनीतिलाई कसरी हेर्नुभएको छ ?**

बाहिरबाट हेर्दा मुख्यमन्त्री केदार कार्कीको सरकार सबैभन्दा कमजोर देखिए पनि राजनीतिक जोडघटाउ र संवैधानिक जटिलताले गर्दा यो नै सबैभन्दा बलियो सरकार बनेको छ जस्तो लाग्छ। यतिखेर कुनै पनि दल मध्यावधिमा जान चाहँदैनन्। आफ्नो पार्टीको समर्थनमा बनेको भए पनि सरकारमा अन्य पार्टी पनि सामेल हुनासाथ सरकारबाट बाहिरिएको एमालेले समर्थनचाहिँ यथावत् कायम राख्नुको पछाडि पनि त्यही मध्यावधिको भय जिम्मेवार छ।

**कोशीमा एक महिनासम्म सरकार विस्तार हुन नसक्नुको कारण के हुन सक्छ ?**

एमालेको समर्थनमा सरकार बनाएका मुख्यमन्त्री कार्कीले सरकारमा गठबन्धनका अन्य दललाई पनि सामेल गराउनु निकै 'क्रुसल' निर्णय थियो। उनको निर्णयपछि सरकार छाडे पनि एमालेले समर्थन फिर्ता लिएन। अब यो सरकार ढल्दैन भन्नेमा दुक्क भएर सरकारलाई पूर्णता दिने क्रममा गठबन्धनमा सामेल दलहरूबीच भागबन्डा मिलाउन समस्या भएकाले मात्र सरकार विस्तारले समय लिएको होला। मुख्यमन्त्री कार्कीले पनि बिस्तारै अघि बढ्ने रणनीति लिएको देखिन्छ। उनले एमाले पनि सरकारमा आओस् भनेर पर्खेको पनि हुन सक्छ। एमाले संसदीय दलमा पनि सरकारमा सामेल हुनुपर्छ भन्ने आवाज उठेको छ।

**कोशीको भद्रगोलले प्रदेश संरचनामाथि प्रश्न उठाउन सक्ने सम्भावना कति देख्नुहुन्छ ?**

केन्द्रमा जसको सरकार भए पनि उसले प्रदेशलाई अधिकार दिन नचाहँदो रहेछ। कोशीको जटिल संसदीय अंकगणितले पनि अलिक समस्या बढाएको हो। केन्द्रको गठबन्धनको छायाले गर्दा पनि समस्या देखिएको हो। तर, यतिकै भरमा प्रदेश संरचनामाथि प्रश्न उठ्छ भन्ने लाग्दैन।

## प्रेरक प्रसंग

# बुद्धको अनौठो व्यवहार

एकपटक भगवान् बुद्धले एक स्थानमा प्रवचन दिनु थियो। निर्धारित समयमा प्रवचन स्थलमा मानिस भेला भए। लगभग एक सय ५० श्रोता उपस्थित थिए। तोकिएकै समयमा बुद्ध पनि प्रवचन स्थलमा उपस्थित भए। उनले दर्शक- श्रोतातिर ध्यानपूर्वक हेरे र केही नबोली त्यहाँबाट बाहिरिए। दर्शक-श्रोता उनको यस्तो व्यवहार देख्दा छक्क परे। तर, केही पनि बोलेनन्।



दोस्रो दिन पनि त्यही स्थानमा तिनै दर्शक-श्रोता बुद्धको प्रतीक्षामा थिए। दोस्रो दिन भन्डै सयजनाजति उपस्थित थिए। निर्धारित समयमा बुद्ध प्रवचन स्थलमा पुगे। तर, उनले दोस्रो दिन पनि दर्शक-श्रोतालाई ध्यानपूर्वक हेरे मात्र, केही बोलेनन्। बुद्ध केही नबोली हिँडेपछि दर्शक-श्रोता केही खिन्न भए। केही श्रोता मनमनै आक्रोशित भए पनि प्रत्यक्षतः भने केही बोलेनन्। तेस्रो दिन प्रवचन स्थलमा करिब ६० दर्शक-श्रोता उपस्थित भए।

बुद्ध तोकिएकै समयमा आइपुगे। यताउता हेरे र चुपचाप प्रवचन स्थलबाट बाहिरिए। चौथो दिन दर्शक-श्रोताको संख्या थप केही घट्यो। बुद्ध आए, गए। उनी केही पनि बोलेनन्। पाँचौं दिन दर्शक-श्रोताको स्थानमा जम्मा १४ जना बाँकी रहे। बुद्ध निर्धारित समयमा आए। र, प्रसन्न भएर प्रवचन सुरु गरे। १४ श्रोता बुद्धको प्रवचनसँगै उनका शिष्य बन्न तयार भए।

ती १४ मध्ये कसैले बुद्धसित प्रश्न पनि गरे– भगवान्, हजुर हिजोअस्ति चार दिनसम्म केही बोल्नुभएन। तर, आज एकाएक बोल्नुभयो। यसको कारण के हो ? उनको प्रश्न सुनेर हल्का मुस्कुराउँदै बुद्धले भने- मलाई भिड होइन, धैर्यपूर्वक काम गर्ने मानिस चाहिएको थियो। यहाँ तिनै व्यक्ति टिकेका छन्, जसमा धैर्य छ। केबल भिड जम्मा गर्दैमा संसारमा कुनै पनि धर्म फैलिँदैन। त्यसलाई बुझ्ने मान्छे चाहिन्छ। भिड जम्मा गरेर तमासा देखाउँदैमा केही हुनेवाला छैन।

## टिप्पणी

nayapatrikaofficial
@naya_patrika

# अनुदानमा ढिलाइ किन ?

भूकम्पपीडितले अस्थायी आवासको अनुदान पाउन अझै डेढ साता लाग्नेसम्बन्धी समाचार पढेपछि केही लेख्न मन लाग्यो। भूकम्पबाट घरबार गुमाएका पीडितले समयमै अनुदान सहयोग नपाउँदा सामान्य अस्थायी आवाससम्म बनाउन सकेका छैनन्। चिसो चर्किँदै छ। तर, सरकारी अनुदानको मिति सरेको सच्चै छ। भूकम्पबाट जोगिएका कतिपयले त चिसोकै कारण ज्यान गुमाइसकेका छन्। के सरकार त्यो संख्या अझै बढोस् भन्ने चाहन्छ हो ? नत्र, सरकारी कोशमा भएको रकम पठाउन सरकारलाई केले रोकिराखेको छ ?

● **अव्यक्त मरासिनी**, ताहाचल, काठमाडौं

## कोशी प्रदेश सरकारका दुःख

कोशीमा कांग्रेस नेता केदार कार्कीको नेतृत्वमा सरकार गठन भएको एक महिनाभन्दा बढी भइसक्यो। तर, उनले न सरकारलाई पूर्णता दिन सकेका छन्, न त बनेका विनाविभागीय मन्त्रीलाई जिम्मेवारी दिन नै सकेका छन्। यस्तो दुःखी पाराले त सरकार कसरी चल्ला र ? जब मन्त्रिपरिषद्लाई पूर्णता दिनै यति ठूलो सकस छ भने मुख्यमन्त्री कार्कीले प्रदेशको दैनिक प्रशासन कसरी चलाउलान् ? के कोसी प्रदेशको दुःख जहिल्यै यस्तै रहने हो ?

● **सबनम विक**
बिर्तामोड, झापा

## मेलम्ची छिटो ल्याऊ

'मेलम्चीको पानी आउने मिति अझै अनिश्चित' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। दशकौं लगाएर बल्लतल्ल राजधानी भित्र्याइएको मेलम्चीको पानी पुनः अनिश्चित हुनु भनेको राजधानीवासीलाई अबको सुक्खा याममा पानी पिउन नदिनु हो। मेलम्चीका नाममा वेलावेलामा राजनीति पनि हुने गरेको छ। अहिले पनि त्यहाँ आन्दोलन गर्ने कुरा सुनिँदै छ। आखिर प्रभावित क्षेत्रका जनताका माग किन सुन्दैन यो सरकार ? प्रभावित क्षेत्रका कुरा सुन, राजधानीमा मेलम्ची छिटो ल्याऊ।

● **सुमन कडायत**
बत्तीसपुतली, काठमाडौं

# स्थापनादेखि नै इजरायल अन्तर्राष्ट्रिय कानुनभन्दा माथि

## इजरायललाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन गर्ने अनुमति दिँदै राष्ट्रसंघ आफूद्वारा पारित संकल्प प्रस्ताव लागू गर्न असफल भएको छ



देश / विदेश
● अब्दुल रहमान

७ अक्टोबरदेखि सुरु भएको इजरायली युद्धको करिब ४० दिनपछि १५ नोभेम्बरमा राष्ट्रसंघीय सुरक्षा परिषद्का सदस्यले गाजामा 'तत्काल र विस्तारित' मानवीय 'विराम'को माग गरेपछि एक संकल्प प्रस्ताव पारित भएको थियो। तर, इजरायलले यो 'विराम' लागू गर्न अस्वीकार गऱ्यो। बरु उसले कतारको मध्यस्थतामार्फत प्यालेस्टिनी प्रतिरोधी आन्दोलनकारी हमाससँग सम्झौता गरेको छ, जहाँ बन्धक आदान-प्रदानका लागि गाजामा चारदिने युद्धविराम भएको छ। इजरायलले राष्ट्रसंघको संकल्प प्रस्ताव कार्यान्वयनमा जनाएको अस्वीकृति उसको विगत सात दशकमा अन्तर्राष्ट्रिय कानुनलाई पूर्ण रूपमा बेवास्ता गर्ने र बहुपक्षीय विश्वव्यापी संस्थाको जनादेशलाई कमजोर बनाउने कामकै एक कडी हो। इजरायलको गाजामा ७ अक्टोबरदेखि जारी युद्धमा १४ हजार एक सय प्यालेस्टाइनी मारिएका छन् भने ३० हजारभन्दा बढी घाइते भएका छन्। मारिनेमध्ये ७० प्रतिशतभन्दा बढी बालबालिका, महिला र वृद्ध पर्छन्। घेराबन्दी गरिएको प्यालेस्टाइन क्षेत्रमा अन्धाधुन्ध बमबारीले अस्पताल र खानेपानी आपूर्तिलगायत नागरिक पूर्वाधारलाई ध्वस्त पारेको छ, जहाँबाट ७०

प्रतिशतभन्दा बढी जनसंख्या विस्थापित भएका छन्। १५ नोभेम्बरमा सुरक्षा परिषद्को संकल्प प्रस्ताव आउनुअघि २७ अक्टोबरमा राष्ट्र संघ महासभाले तत्काल मानवीय युद्धविरामका लागि आग्रह गर्दै एक प्रस्ताव पारित गरेको थियो। एक सय २० भन्दा बढी मुलुकको समर्थनका बाबजुद इजरायलले प्रस्तावलाई अहंकार प्रदर्शन गर्दै खारेज गऱ्यो। राष्ट्र संघका लागि इजरायलका प्रतिनिधि गिलाड एर्डनले वैश्विक मञ्च राष्ट्रसंघकै वैधानिकतालाई चुनौती दिँदै संकल्प प्रस्ताव पारित भएको दिनलाई इतिहासको 'कालो दिन'को संज्ञा दिएका थिए। उनले खुलेरै इजरायलले गाजामा आफ्नो बमबारीलाई निरन्तरता दिने दाबी गर्दै प्रस्ताव अस्वीकार गरेका थिए।

२९ नोभेम्बर सन् १९४७ मा इजरायल राज्य स्थापनाको आह्वान गर्ने कुख्यात विभाजन प्रस्ताव लागू गरेदेखि राष्ट्रसंघका निकायले प्यालेस्टिनी जनताको आत्मनिर्णयको अधिकारलगायतलाई सम्बोधन गर्ने सर्यौं संकल्प प्रस्ताव पारित गरेका छन्। सन् १९४८ को नकबा (जातीय सफाया) पछि जब सात लाख ५० हजारभन्दा बढी प्यालेस्टिनीलाई आफ्नो घर, गाउँ र खेतबारीबाट बाहिर निकालियो, तब राष्ट्रसंघको महासभाले सबै प्यालेस्टिनी शरणार्थीलाई फर्कने अधिकार स्थापित गर्ने प्रस्ताव १९४ (३) पारित गरेको थियो। यो संकल्प प्रस्तावका एक निर्माणकर्ता एवं राष्ट्रसंघका मध्यस्थ काउन्ट फोक बेर्नाडोटलाई संकल्प प्रस्ताव पारित भएको केही समयमै डिसेम्बर १९४८ मा जायनिस्ट (यहुदी सर्वोच्चतावादी एवं उपनिवेशवादी) लडाकुले हत्या गरेको थियो। तर, इजरायलले हत्याका मुख्य संदिग्धलाई कारबाही गरेन। २२ नोभेम्बर १९६७ को कोसेदुंगा मानिने राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव स्वीकृत भएको थियो। यो प्रस्तावले तथाकथित युद्धमा कब्जा गरिएका क्षेत्रबाट इजरायललाई आफ्नो सेना फिर्ता गर्न आह्वान गरेको थियो। इजरायलले आजका मितिसम्म पनि वेस्ट बैंक,



तस्बिर : इभान स्माइडर/युएन न्युज

पूर्वी जेरुसेलम, गाजा र सिरियाली गोलानमा कब्जा जारी नै राखेको छ। इजरायलले सन् १९८० मा पूर्वी जेरुसेलम र सन् १९८१ मा गोलान हाइट्सलाई गैरकानुनी रूपमा कब्जा गर्दै त्यहाँ अवैध बस्ती र स्थायी संरचना स्थापना गरेको थियो।

सन् १९७३ मा अरब राज्यसँगको अर्को युद्धपछि राष्ट्रसंघीय सुरक्षा परिषद्ले २२ अक्टोबरमा संकल्प प्रस्ताव ३३८ पारित गरेको थियो। तत्काल युद्धविरामका लागि आह्वान गर्नुका साथै प्रस्तावले सन् १९६७ को संकल्प प्रस्ताव २४२ दोहोऱ्याउँदै कब्जा गरिएका सबै क्षेत्रबाट इजरायललाई फिर्ता हुन जोड दिएको थियो। र, एक वर्षपछि सन् १९७४ मा राष्ट्रसंघ महासभाले प्यालेस्टिनी जनताको आत्मनिर्णय, राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता र आफ्नो घर एवं सम्पत्तिको अधिकारको अपरिहार्य अधिकारलाई पुनः पुष्टि गर्दै संकल्प ३२३६ (२९) पारित गरेको थियो।

सन् १९९४ को म्याड्रिड शान्ति सम्मेलनका समयमा महासभाले संकल्प प्रस्ताव ४९/१३२ पारित गरेको थियो, जसले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायली बस्ती अवैध रहेको र यसले प्यालेस्टिनीको सामाजिक एवं आर्थिक विकासमा अवरोध पुऱ्याउने घोषणा गरेको थियो। इजरायलले यो प्रस्तावलाई पनि बेवास्ता गऱ्यो। तर, ओस्लोमा प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसन (पिएलओ) सँग 'दुई-राज्य समाधान' अंगीकार गर्दै शान्ति सम्झौतामा हस्ताक्षर गऱ्यो, तथापि प्यालेस्टिनी क्षेत्रमा अवैध बस्ती विस्तार रोकिएन। कब्जा गरेको वेस्ट बैंकमा खडा गरिएको अपर्थाइड वाल अर्थात् नश्लभेद एवं अलगाव सिर्जना गर्ने भनेर चिनिने पर्खालललाई अवैध र अन्तर्राष्ट्रिय कानुन उल्लंघनको संज्ञा दिने सन् २००३ को राष्ट्रसंघीय महासभाको संकल्प प्रस्ताव १०/१३ लाई पनि इजरायलले अस्वीकार गऱ्यो। राष्ट्रसंघको महासभाले सन् २००६ यताका प्रस्तावमा सबै प्यालेस्टिनी जनताका लागि आधारभूत आवश्यकताका वस्तुको निरन्तर आपूर्तिको आवश्यकतालाई जोड दिएको छ र गाजाका जनतामाथि इजरायली नाकाबन्दीको हानिकारक प्रभावलाई पनि संज्ञानमा लिएको छ।

सन् १९४८ मा स्थापनादेखि नै इजरायलले प्यालेस्टाइनमा राष्ट्रसंघीय महासभा र सुरक्षा परिषद् दुवैका संकल्प प्रस्तावलाई निरन्तर बेवास्ता गर्दै आएको छ। महासभाको संकल्प प्रस्ताव बाध्यकारी नभए पनि सुरक्षा परिषद्को प्रस्ताव बाध्यकारी हुने गर्छ। यसको पालना नहुँदा नाकाबन्दीदेखि सैन्य हस्तक्षेपसमेत हुने प्रावधान छ। तैपनि, प्यालेस्टिनी अधिकारलाई मान्यता दिने र प्यालेस्टिनी जनताको अधिकार उल्लंघनको निन्दा गर्ने धेरै प्रस्तावका बाबजुद इजरायलले कुनै परिणामको सामना गर्दैन र यसका पछाडि आंशिक रूपमा अमेरिका, फ्रान्स र बेलायतजस्ता मुलुकको सुरक्षात्मक भिटो (विशेषाधिकार) रहेको छ। राष्ट्रसंघ इजरायललाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन गर्ने अनुमति दिँदै आफूद्वारा पारित संकल्प प्रस्ताव लागू गर्न असफल भएको छ।

*(रहमान लेखक एवं पत्रकार हुन्)*
*पिपुल्स डिस्प्याचबाट*

# कठिन मोडमा बाबुराम

९ असोज ०७२ मा तत्कालीन माओवादी केन्द्रलाई 'रातो स्टिकर टाँसेको घर' भन्दै छाडेर निस्केका डा. बाबुराम भट्टराई यतिवेला राजनीतिक जीवनकै उत्तरार्द्धमा छन्। गत वर्ष सम्पन्न संघीय निर्वाचनअगावै चुनावपछि पार्टी एकीकरण गर्ने गरी माओवादी केन्द्रकै चिह्न लिएर चुनावी मैदानमा उत्रिएको नेपाल समाजवादी पार्टी (नेसपा) र माओवादी केन्द्रबीच चुनाव सम्पन्न भएको एक वर्ष नाघिसक्दा पनि पार्टी एकता हुन सकेको छैन।

अहिले पुनः दुई पार्टीबीच एकीकरण हुने चर्चा चुलिएको छ। अब पार्टी एकीकरण नभएमा नेसपाका बहुमत नेताहरू बाबुरामलाई छाडेरै भए पनि माओवादीमा मिल्नेसम्मको चर्चा चलिरहेको छ। आफूले कम्युनिस्ट सिद्धान्त छोडिसकेको घोषणा गरेका बाबुरामलाई फेरि कम्युनिस्ट नाम भएको पार्टीमा कसरी जानु भन्ने समस्या पक्कै पनि भएको छ। यता पार्टी एकतामा सहभागी नभए उनलाई अन्य साथीले साथ नदिने निश्चित छ। कम्युनिस्टबेगरको पार्टी बनाउन माओवादी केन्द्र तयार देखिँदैन। नेसपाका अन्य नेता कम्युनिस्ट नामकै पार्टी भए पनि माओवादी केन्द्रमा जान तयार रहेको बरु बाबुरामलाई बोक्न लालायित नभएको हुनाले पनि माओवादी केन्द्रले पार्टीको नाम परिवर्तन गर्न चासो दिएको देखिँदैन। यस्तोमा डा. भट्टराई निकै कठिन मोडमा उभिएका छन्।


पार्टी एकीकरणमा सहभागी नहुँदा राजनीतिक जीवनकै अन्त्य हुनेछ भने कम्युनिस्ट नामधारी पार्टीमा फर्कंदा आफैंसँग हारेको अनुभूत हुन्छ। यस्तो अवस्थामा पुगेका बाबुरामले माओवादीमै पसे पनि उचित स्थान र मान्यता पाउनेमा शंका गर्ने ठाउँ प्रशस्त देखिन्छ। यद्यपि आमजनता भने प्रचण्ड-बाबुराम दुवै राजनीतिक जीवनको उत्तरार्द्धमै भए पनि मिलेको हेर्न चाहन्छन्।

● **सुजन देवकोटा**, पालुङटार-४, गोरखा
sddevkota778@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# शक्तिराष्ट्रबीचको द्वन्द्व रोक्ने कमजोर संयन्त्र

## आजभोलि कूटनीतिज्ञहरूको भूमिका उल्लेखनीय रूपमा कम भएको छ



● रोबर्ट स्केडेल्स्की

ब्रिटिस हाउस अफ लर्डस्का सदस्य रोबर्ट स्केडेल्स्की बारबिक विश्वविद्यालयका पोलिटिकल इकोनोमीका प्रोफेसर इमिरिटस हुन्

दोस्रो विश्वयुद्धपछिको सापेक्षिक शान्ति संयुक्त राष्ट्रसंघीय प्रणालीको उपज होइन । संयुक्त राज्य अमेरिका र सोभियत संघबीचको शक्ति सन्तुलनको परिणाम थियो । जब शीतयुद्धको अन्त्य भयो, विश्वसँग शान्ति स्थापनाको विश्वसनीय संयन्त्रको अभाव भयो, जसले आजको छद्म युद्धका लागि मार्ग प्रशस्त गऱ्यो ।

उन्नाइसौँ शताब्दीमा विश्व तुलनात्मक रूपमा शान्त थियो । सन् १८१५ मा नेपोलियनयुद्धको अन्त्य भएपछि सन् १९१४ मा प्रथम विश्वयुद्ध हुनुअघिको अवधिमा विश्वमा खासै ठूला युद्ध भएनन्, अमेरिकी गृहयुद्ध र चीनको ताइपेई विद्रोहबाहेक । यसले राजनीतिशास्त्री हेडली बुलले 'अराजक युग' करार गरेको उन्नाइसौँ शताब्दीको पूरै समय युरोप ठूला युद्धबाट कसरी जोगियो त भन्ने एउटा आधारभूत प्रश्न खडा गर्छ ।

सन् १८१५ मा स्थापना भएको कन्सर्ट अफ युरोपले उन्नाइसौँ शताब्दीको शान्तिलाई कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेको थियो भन्ने बुझाइ छ । कन्सर्ट अफ युरोपलाई यस महाद्वीपको शक्ति सन्तुलन कायम राख्ने एक संयन्त्रका रूपमा हेरिएको भए पनि यसले वास्तवमा एउटा महत्त्वपूर्ण उद्देश्य अर्थात् साझा हित र साझा मूल्य भएका देशबीच युद्ध रोक्ने उद्देश्य पूरा गरेको थियो ।

मूलतः युरोपका पाँच प्रमुख शक्ति अस्ट्रिया, बेलायत, फ्रान्स, प्रुसिया र रुस आपसी सहमतिविना आफ्नो सीमालाई परिवर्तन नगर्न सहमत भएका थिए । यी प्रमुख शक्तिबीच भौतिक बफरजोनको रूपमा काम गरेको प्रभाव क्षेत्रको निर्धारण उनीहरूको भूराजनीतिक गणितको अभिन्न अंग थियो ।

औपनिवेशिक शक्तिबीच अफ्रिका र पूर्वी एसियाको भागबन्डासँगै उन्नाइसौँ शताब्दीको अन्तसम्ममा कन्सर्ट अफ युरोप शान्ति स्थापनाको एउटा विश्वव्यापी प्रणाली बनिसकेको थियो । हुन त कन्सर्टले 'पूर्वी प्रश्न' लाई हल गर्ने प्रयास गरेकै थियो, तर रुसविरुद्ध बेलायत, फ्रान्स र अटोमन साम्राज्य भिड्न पुगे र सन् १८५३-५६ को यस क्राइमियन युद्धले कन्सर्टको कमजोरीलाई उदांगो पाऱ्यो ।

रुसको प्यालेस्टाइनका अर्थोडक्स क्रिस्चियनहरूमाथि टर्कीले राम्रो व्यवहार गर्नुपर्ने कुराको मागले 'क्राइमियन युद्ध' सुरु हुन पुगेको थियो । यसै मागले बढाएको तिक्तताले अटोमन साम्राज्य(हालको टर्की)लाई युद्धको घोषणा गर्न उक्सायो । युद्धमा बेलायत र फ्रान्स ओटोमनको पक्षमा लागे । बेलायती राजनेता जोन ब्राइटले यो युद्धको दोष बेलायतलाई लगाएका छन् । बेलायतको निःसर्त समर्थनले ओटोमन साम्राज्यको युद्ध उन्मादलाई प्रोत्साहित गरेको उनको तर्फ थियो । 'म भए या त टर्कीलाई युद्ध टार्न भन्थें वा युद्ध गर्ने नै भए एक्लै गर भनेर दबाब दिन्थें,' ब्राइटले भनेका छन् ।

उनको विचारमा रुसको पूर्वतर्फको विस्तारविरुद्ध अटोमन साम्राज्यलाई ढालका रूपमा खडा गर्ने ब्रिटिस रणनीति गलत थियो । रुसले भारतमाथि कब्जा गर्ला कि भन्ने बेलायतको डर एउटा पागलपन मात्रै थियो । यो त बाध्यता नभई उनीहरूले रोजेको युद्ध थियो, यसर्थ यसलाई उचित ठहराउन सकिँदैन भन्नेमा उनको जोड छ । यसका सट्टा ब्राइटले निर्बाध व्यापारिक एवं वित्तीय संलग्नतासहितको 'गैर-हस्तक्षेप'को नीतिलाई समर्थन गरे ।

सन् १८७६ मा अटोमन साम्राज्यले हजारौँ बुल्गेरियाली पुरुष, महिला र बालबालिकाको आमसंहार गरेर फेरि एकपटक कन्सर्ट अफ युरोपको परीक्षण गऱ्यो । उदारवादी बेलायती राजनीतिज्ञ विलियम ग्ल्याडस्टोनले यस 'बुल्गेरियाली त्रासदी'को निन्दा गर्दै युरोपबाट तुर्कहरूलाई खेदेर आह्वान गर्दै पर्चा नै लेखे । तर, प्रधानमन्त्री बेन्जामिन डिज्राइलीले बुल्गेरियालीमाथिको यो ज्यादती रुसी विस्तारवादविरुद्ध ओटोमनको विचलनका रूपमा हेरे ।

यी प्रमुख शक्तिहरूको अटोमन-नियन्त्रित बाल्कनमा कम दमनकारी शासन स्थापना गर्ने प्रयास असफल भएपछि, बाल्कनका इसाईहरूलाई तुर्की सुल्तानको शासनबाट मुक्त गर्न रुसले सन् १८७७ को जुनमा टर्कीमाथि हमला गऱ्यो । अनपेक्षित रूपमा बलियो टर्कीलाई पराजित गरेपछि रुसले अटोमनहरूलाई दण्डात्मक शान्तिका लागि बाध्य बनायो जसले बुल्गेरियाको आकारलाई आफ्नो अर्थोडक्स उपग्रह-राज्यको रूपमा निकै विस्तार गरेको थियो । साथै, यसले ककेससको उल्लेखनीय भूभाग रुसको कब्जामा ल्याएको थियो ।

यसपटक भने डिज्राइली तुर्कहरूलाई निःसर्त सहयोग एवं समर्थन गर्नबाट बचे । रुसले अन्य ठूला शक्तिसँग कुनै पनि भूभागमाथिको दाबीमा सल्लाह गर्नुपर्ने कुरालाई स्वीकार गऱ्यो । यसले सन् १८७८ को अटोभोन बिस्मार्कद्वारा आयोजित बर्लिन कंग्रेसका लागि पृष्ठभूमि तयार गऱ्यो । फलस्वरूप सम्झौताहरूको एउटा शृंखला नै चल्यो । रुसलाई अन्य भूभाग लिन दिएर बेलायतले बदलामा साइप्रस प्राप्त गऱ्यो । कन्सर्ट अफ युरोपको अन्तिम शान्ति सम्झौता त्रुटिपूर्ण थियो, तर पनि यसले अर्को ३६ वर्षसम्म युरोपमा ठूलो युद्ध हुनबाट प्रभावकारी रूपमा रोकेको थियो ।

> आर्थिक प्रतिबन्धहरूमा बढ्दो निर्भरता, राजनीतिक बहिष्करण र राजनीतिक नेताहरूलाई युद्ध अपराधको अभियोगले प्रभावकारी कूटनीतिमा बाधा पुऱ्याउँछ । यी आक्रामक रणनीतिले शान्ति र युद्धबीचको रेखालाई धूमिल पार्छन् र देशहरूलाई आत्मरक्षाको आवरणमा युद्धमा संलग्न हुन प्रोत्साहित गर्छन् ।

अन्ततः ठूलो स्तरको युद्धले आफ्नो स्थितिलाई खतरामा पार्छ भन्ने बुझेका कुलीनहरूले कायम राखेको उन्नाइसौँ शताब्दीको यस शान्ति प्रणालीले बीसौँ शताब्दीको सुरुमा युरोप र विश्वका अधिकांश भागमा फैलिएको राष्ट्रवाद र क्रान्तिको सामना गर्न सकेन । र, यसका प्रवर्तकले शक्ति सन्तुलनको बलमा कायम शान्तिलाई लोकतान्त्रिक सिद्धान्त एवं राष्ट्रिय आत्मनिर्णयमा आधारित अधिक प्रामाणिक शान्तिले प्रतिस्थापन गर्ने उपायको खोजी गरे । दोस्रो विश्वयुद्धको अन्त्यपछि दिगो शान्ति स्थापना गर्ने लक्ष्यका साथ संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को स्थापना भयो । तर, उन्नाइसौँ शताब्दीको सो अनौपचारिक व्यवस्थाको नक्कल गर्न आवश्यक नैतिक एकता र वैधता यसमा अभाव थियो । वास्तवमा, युद्धोत्तर युगको सापेक्षिक शान्ति संयुक्त राष्ट्रसंघीय प्रणालीको उपज थिएन । संयुक्त राज्य अमेरिका र सोभियत संघबीचको शक्ति सन्तुलनको परिणाम थियो । जब शीतयुद्धको अन्त्य भयो, विश्वसँग शान्ति स्थापनाको विश्वसनीय संयन्त्रको अभाव भयो, जसले आजको छद्म युद्धका लागि मार्ग प्रशस्त गऱ्यो ।

कन्सर्ट अफ युरोपको सफलता र असफलताले शान्ति स्थापनाका नयाँ मापदण्ड तय गर्न मूल्यवान् पाठहरू प्रदान गर्छ । ब्राइटले उजागर गरेको र डिज्राइलीले स्विकारेको एउटा महत्त्वपूर्ण अन्तर्दृष्टि के भने अधिक शक्तिशाली शत्रुबाट खतरामा परेको कमजोर मुलुकलाई निःसर्त सैन्य समर्थन प्रदान गर्दा सम्झौताको गुन्जाई एकदमै कम हुन्छ ।

अर्को चुनौती भनेको नैतिक र कानुनी मुद्दाहरूमा बढ्दो जोड हो । आजका शान्तिका पहलहरू वास्तविक र कथित दुवै अत्याचार र त्यसमा संलग्न सत्ताहरूको प्रकृतिका कारण अक्सर कमजोर हुने गरेका छन् । अन्तर्राष्ट्रिय सम्बन्धमा नैतिक सिद्धान्तको मिसावटले विश्व शान्ति कायम गर्ने प्रयासलाई थप पेचिलो बनाउँछ । आखिर, तपाईं त्यस्तो शासनसँग सम्झौता गर्न सक्नुहुन्न, जसको नैतिक मूल्यलाई तपाईं इन्कार गर्नुहुन्छ । यसर्थ, पश्चिमा देशहरूले थालेका अधिकांश युद्धहरू शासन परिवर्तनको उद्देश्यका हुने गरेका छन् ।


यसबाहेक, आर्थिक प्रतिबन्धहरूमा बढ्दो निर्भरता, राजनीतिक बहिष्करण र राजनीतिक नेताहरूलाई युद्ध अपराधको अभियोगले प्रभावकारी कूटनीतिमा बाधा पुऱ्याउँछ । यी आक्रामक रणनीतिले शान्ति र युद्धबीचको रेखालाई धूमिल पार्छन् र देशहरूलाई आत्मरक्षाको आवरणमा युद्धमा संलग्न हुन प्रोत्साहित गर्छन् ।

उन्नाइसौँ शताब्दीको बेलायत र रुसी साम्राज्यबीच मध्यएसियामा प्रभावको प्रतिद्वन्द्विता अर्थात् 'ग्रेट गेम' रुसी विस्तारवादको ब्रिटिस भय-उन्मादद्वारा सिर्जित थियो । आजको भूराजनीतिक परिदृश्य शीतयुद्धकालीन 'डोमिनो सिद्धान्त'सँग अझ मिल्दोजुल्दो भएको छ । बरु, विगतमा वैचारिक रूपमा शत्रुतापूर्ण सरकारहरूले कूटनीतिक र पारिवारिक च्यानलहरूमार्फत एक-अर्काको मनसायबारे जानकारी प्राप्त गर्न सक्थे । तर, आजकाल, कूटनीतिज्ञहरूको भूमिका उल्लेखनीय रूपमा कम भएको छ ।

लोकतन्त्रले शान्तिको खोजीलाई बढावा दिन्छ कि बाधा पुऱ्याउँछ भन्ने प्रश्न भने अझै अनुत्तरित नै छ । इतिहासले विश्वव्यापी स्थिरतालाई कसरी कायम राख्ने भन्नेबारे निर्देशन दिँदैन र पनि त्यो प्रेरणाको स्रोत भने हुन सक्छ । इतिहासका सफलता र असफलताबाट सही पाठ सिक्न सक्दा हामीले अपूरै भए पनि दिगो शान्तिका परिस्थिति सिर्जना गर्न सक्छौं ।

*- प्रोजेक्ट सिन्डिकेटबाट*

## इतिहासमा आज




नोभेम्बर २४

**सन् १८५९** : चार्ल्स डार्बिनले आजकै दिन उनको युगान्तकारी पुस्तक 'अन द अरिजिन अफ द स्पेसिस' प्रकाशित गरेका थिए । जीव उद्विकासबारे चर्चा रहेको सो पुस्तकले विज्ञान क्षेत्रमा ठूलो उथलपुथल ल्याउन सघाएको थियो ।

**सन् १९२४** : उत्तरी चीनका युद्ध-सरदार जनरल फेङ यु-सियाङले आफ्नै मित्र सेनाविरुद्ध लड्दै पेकिङ कब्जा गरे ।

**सन् १९५४** : अमेरिकी राष्ट्रपतिको प्रयोगको लागि बनाइएको पहिलो विमानलाई 'एअर फोर्स वान' नामकरण गरियो ।

**सन् १९६५** : प्रजातान्त्रिक रूपमा चुनिएका वामपन्थी नेता प्याट्रिस लुमुम्बालाई अपदस्थ गर्दै मार्सल मोबुतु सेस सेकु अफ्रिकी मुलुक जायरका (हालको प्रजातान्त्रिक गणतन्त्र कंगो) राष्ट्रपति बने । उनले ३२ वर्षसम्म अधिनायकवादी शासन चलाए ।

**सन् १९६६** : न्युयोर्क सहरको इतिहासको सबैभन्दा प्रदूषित यस दिनमा झन्डै ४०० मानिस श्वासप्रश्वास प्रणालीको क्षति र हृदयाघातका कारण मरे ।

**सन् २०१५** : टर्कीले उसको आकाशमा उडेको दावी गर्दै एक रुसी लडाकु विमान खसालिदियो ।

**सन् २०१७** : १८ महिलाले एक पत्रिकामा लेख लेख्दै नोबेल पुरस्कार समितिसँग जोडिएका जँ-क्लाउड आर्नोल्टमाथि यौनशोषणको आरोप लगाए । त्यसपछि उत्पन्न विवादले सन् २०१८ को साहित्य विधाको पुरस्कार रद्दसम्म हुने स्थिति आएको थियो ।

**सन् २०१७** : जिम्बाबेका पूर्वउप-राष्ट्रपति इमरसन मनाङ्ग्वा ३० वर्षदेखि शासन गरिरहेका रोबर्ट मुगावेलाई विस्थापित गर्दै देशका राष्ट्रपति बने ।

**सन् २०२०** : स्कटल्यान्डको संसद्ले विश्वमा पहिलोपटक देशभर महिनावारीजन्य सामग्री निःशुल्क बनाउने कानुन पारित गऱ्यो ।

# इजरायल-हमास युद्धविराम कार्यान्वयनमा ढिलाइ

**तेल अबिब**/ इजरायलले चारदिने गाजा युद्धविराम र बन्धकहरूको रिहाइ कम्तीमा पनि शुक्रबारसम्म सुरु नहुने बताएको छ । इजरायलको उक्त भनाइले हमाससँगको युद्ध रोक्नका लागि भएको महत्त्वपूर्ण सम्झौता रोकिएको छ । इजरायलका राष्ट्रिय सुरक्षा सल्लाहकार जाची हानेग्बीले हमासद्वारा बन्धक बनाइएका कम्तीमा ५० इजरायली तथा विदेशी बन्धकको रिहाइ अहिले पनि जारी रहेको तर अपेक्षाअनुसार बिहीबार यस्तो नहुने संकेत गरेका छन् ।

जटिल तथा सावधानीपूर्वक तयार गरिएको सम्झौतामा इजरायल र हमास चारदिने युद्धविराम गर्न सहमत भएका हुन् । सम्झौताअन्तर्गत प्यालेस्टिनी लडाकु समूहले अक्टोबर ७ मा गरेको घातक हमलामा बन्धक बनाइएकामध्ये कम्तीमा ५० व्यक्तिलाई रिहा गरिनेछ । रिहा गरिएका प्रत्येक १० अतिरिक्त बन्धकका लागि युद्धमा एक अतिरिक्त दिनको 'विराम' हुने इजरायली सरकारले एक दस्ताबेजमा बताएको छ । रिहाइका लागि तोकिएकामध्ये तीन वर्षीय अबिगैल मोर इदानसहित तीन अमेरिकी रहेका छन् ।

बदलामा इजरायलले कम्तीमा एक सय ५० प्यालेस्टिनी महिला तथा बालबालिकालाई रिहा गर्नेछ र हप्तौंको बमबारी तथा ठूलो लडाइँपछि घेरामा परेको तटीय क्षेत्रमा थप मानवीय सहायतालाई अनुमति दिनेछ । इजरायल, प्यालेस्टिनी लडाकु समूह, कतार, इजिप्ट र अमेरिका सम्मिलित धेरै साताको कुराकानीपछि भएको सम्झौताको कार्यान्वयनमा भएको यो ढिलाइका कारण तत्काल स्पष्ट हुन सकेको छैन ।

**Global IME Bank Limited**

**Invitation for Bids for Supply of the Anti Money Laundering (AML) Solution to Global IME Bank Limited**

Date of publication: 24th November, 2023

**Global IME Bank Limited** invites sealed bids from eligible bidders for end-to-end implementation of Anti Money Laundering (AML) Solution

1. **Eligibility Criteria for the Bidders**
a. The Bidder should be an authorized partner of AML solution provider or producer of AML solution.
b. The Bidder should be a legal entity registered under the appropriate act of the country where it is incorporated.
c. The Bidder should have experience of at least 5 years in AML/CFT application.
d. The Bidder should have installed and commissioned the AML solution in at least in 5 (five) banks.
e. The Bidder, upon award of the bid, should be able to maintain its support setup in Kathmandu.
2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non refundable fee of NPR 10,000.00 [NPR Ten Thousand Only] to be deposited in account no. 0002610524002 within 1 P.M. of 24th December, 2023. Bidding documents shall be made available through email after confirmation of payment of the fee has been provided to prativa.paudel@gibl.com.np and mahesh.silwal@gibl.com.np.
3. The Bidder shall have to furnish as bid security of 2.50% of the total financial offer in the form of Bank Guarantee in favor of the Bank. The bank guarantee must be issued from 'A' Class Commercial Bank of Nepal.
4. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 4:30 P.M. on 24th December, 2023. Bids received after this deadline will not be accepted.
5. Technical proposal will be evaluated first and date, time and place for opening of the financial proposal of technically qualified bidders will be notified later. The bid documents of financial offer of the unqualified bidders shall be returned to the respective bidders in unopened condition.
6. The bid security must be submitted inside the financial proposal. The bid security should be valid for 7 (seven) months after the date of bid opening.
7. Bidder should not be blacklisted, barred, disqualified by any regulator, statutory body, government or any authority within or outside Nepal.
8. The detailed scopes of work and terms and conditions can be found in the request for proposal (RFP) document.
9. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The bank, at its sole discretion, reserves all the rights to accept or reject the Bids received from the bidders, wholly or partially; any or all the bids without assigning reason whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01-4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

**नबिल बैंक लिमिटेड, वीरगंज बाईपास शाखा, पर्सा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८०/०८/०८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वीरगंज, पर्सामा मिति २०६९/१०/१८ मा प्रा.फ.नं ३०८८१/०६९/७०,(भारत आयात) अन्तर्गत दर्ता भएको **श्री सिखा ट्रेड कन्सर्न ।**

ठेगानाः पर्सा जिल्ला, वीरगंज उ.म.न.पा वडा नं १६, राधेगाई पर्सा ।

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण**

जीतु सा कानुकी छोरी, हिरा सा कानुकी बुहारी काशी प्रसाद कानुकी श्रीमती पर्सा जिल्ला भौराटार गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. १३५२२६०३ (जारी मितिः २०४६/०२/५, स्थान पर्सा) भएकी **श्रीमती मुन्नी देवी ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. शिवधर सा कानुको नाति हिरा सा कानुको छोरा पर्सा जिल्ला भौराटार गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. २३५२००४४ (जारी मितिः २०३४/०४/०३, स्थान पर्सा) भएका **श्री काशी प्रसाद कानु ।**

२. हिरा सा कानुको नाति काशी प्रसाद कानुको छोरा पर्सा जिल्ला भौराटार गा.वि.स वडा नं. १ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. १३५२२२४६२ (जारी मितिः २०५९/०५/१९, स्थान पर्सा) भएका **श्री राजेश कुमार गुप्ता ।**

३. प्रभु साह कानुकी छोरी, काशी प्रसाद सा कानुकी बुहारी राजेश कुमार गुप्ताकी श्रीमती पर्सा जिल्ला भौराटार गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ३४१०१४/५५५ (जारी मितिः २०६८/०९/१३, स्थान पर्सा) भएकी **श्रीमती पुनम कुमारी ।**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. पर्सा जिल्ला भौराटार गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १३ बस्ने, **श्रीमती मुन्नी देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा, वडा नं. १६ सिट नं. ११३/०३११-०३ मा अवस्थित कि.नं.९४ क्षेत्रफल ०.००१३४.२० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. पर्सा जिल्ला भौराटार गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १३ बस्ने, **श्री काशी प्रसाद कानु**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा, वडा नं. १६, सिट नं. ०३११-०३ मा अवस्थित कि.नं. १५३ क्षेत्रफल ०.००१५३.४० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ८ मंसिर ०८०

# चाडबाडले उकासेको आयात फेरि घट्यो

## असोजसम्मको आयात १.६९ प्रतिशतले बढेको थियो भने कात्तिकसम्म ३.७९ प्रतिशतले घटेको छ

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

चाडबाडले असोजमा उकासेको वस्तु आयात कात्तिक लागेपछि फेरि घट्न थालेको छ। नेपालका प्रमुख चाडपर्वले चालू आवको तीन महिनाको आयातमा सुधार देखिए पनि चौथो महिना घटेकाले अर्थतन्त्र अझै शिथिल अवस्थामा रहेको प्रमाण दिएको अर्थशास्त्री डा. पारस खरेलले बताए। उनले भने, 'चाडबाडले गर्दा तीन महिनाको तथ्यांकमा सुधार देखिए पनि त्यो क्षणिक बनेको छ। चौथो महिनामा आएको गिरावटले चार महिनाकै आयात घटेको देखिएको छ। यसको मतलब अर्थतन्त्र अझै शिथिलतामा छ।' भन्सार विभागका अनुसार चालू आर्थिक वर्षको चार महिनामा ३.७९ प्रतिशतले आयात घटेको छ। गत आर्थिक वर्षको चार महिनामा पाँच खर्ब ३२ अर्बको वस्तु आयात भएको थियो। चालू आवको सोही अवधिमा पाँच खर्ब १२ अर्बको वस्तु आयात भएको विभागको तथ्यांक छ।

असोजसम्मको आयात भने गत आवको सोही अवधिको तुलनामा १.६९ प्रतिशतले बढेको थियो। चालू आवको असोजसम्म चार खर्ब सात अर्बको वस्तु आयात भएको थियो। तर, गत आवको सोही अवधिमा चार खर्ब ९९ करोड मात्रै वस्तु आयात भएको थियो। यो समयमा दसैं-तिहारकेन्द्रित वस्तुको माग बढेकाले आयातमा वृद्धि भएको थियो। तर, कात्तिक लागेसँगै आयात खस्किएको हो।

### ■ पेट्रोलियमको मूल्यमा आएको गिरावटको असर

गत आवको पहिलो चार महिनाको तुलनामा यो वर्ष पेट्रोलियमको आयातमा नौ अर्ब ५९ करोडले गिरावट आएको छ। गत वर्ष ९५ अर्ब आठ करोडको पेट्रोलियम आयात भएकोमा चालू आवको कात्तिकसम्म ८५ अर्ब ४८ करोडमा सीमित छ। पेट्रोलियमको मूल्य घट्दा परिमाणमा बढी देखिए पनि रकम घटेको हो। चार महिनामा ६ लाख ४५ हजार किलोलिटर (केएल)बराबरको डिजेल, पेट्रोल र हवाई इन्धन आयात भएको छ। गत वर्ष ६ लाख २९ हजार केएल मात्रै आयात भएको थियो। त्यसबाहेक खाना पकाउने ग्यास आयातको परिमाणमा समेत वृद्धि भएको छ। चालू आवको चार महिनामा १६ करोड ७९ लाख ९४ हजार सात सय ५६ किलो एलपिजी ग्यास आयात भएको छ। पोहोर सोही अवधिमा १६ करोड ७१ लाख ८१ हजार एक सय ३६ किलो आयात भएको थियो।

### ■ २० अर्बले घट्यो कच्चा खानेतेलको आयात

पछिल्ला वर्षहरूमा निर्यात हुने वस्तुहरूको सूचीमा अग्रता कायम राख्दै आएको खानेतेलको कच्चा तेलको आयात खस्किएको छ। गत वर्षको तुलनामा चालू आवको चार महिनामा कच्चा तेल २० अर्ब ३५ करोड रुपैयाँले घटेको छ। चालू आवको चार महिनामा १५ अर्ब ७२ करोडको आयात भएको कच्चा तेल गत वर्ष ३६ अर्ब आठ करोडको आएको थियो। मूल्यमा मात्र नभई परिमाणमा समेत कच्चा खानेतेलको आयात घटेको छ। पोहोर १८ करोड ४२ लाख लिटर कच्चा तेल आयात भएको थियो। यसपालि ११ करोड ४१ लाख लिटर आयात भएको छ।

### ■ चार महिनाको वैदेशिक व्यापारको तथ्यांक

| व्यापार सूचकांक | गत आव | चालू आव |
|---|---|---|
| आयात | पाँच खर्ब ३२ अर्ब ६९ करोड | पाँच खर्ब १२ अर्ब ५० करोड |
| निर्यात | ५४ अर्ब ७७ करोड | ५० अर्ब ५६ करोड |
| व्यापार घाटा | चार खर्ब ७७ अर्ब ९१ करोड | चार खर्ब ६१ अर्ब ९३ करोड |
| वैदेशिक व्यापार | पाँच खर्ब ८७ अर्ब ४६ करोड | पाँच खर्ब ६३ अर्ब ६ करोड |

*स्रोत : भन्सार विभाग*

### ■ महँगा वस्तुको आयात बढ्यो

गत आर्थिक वर्षमा सरकारले महँगा मोबाइलको फोन आयातमा प्रतिबन्ध लगाएकाले स्मार्ट फोनको आयात बढ्न सकेको थिएन। विभागका अनुसार चार महिनामा एक अर्ब ४२ करोडको सात लाख ७१ हजार तीन सय २६ थान स्मार्ट फोन सेट आयात भएका छन्। गत वर्ष यही अवधिमा सात लाख २९ हजार तीन सय ९५ स्मार्ट फोन आयात भएका थिए। त्यस्तै, आठ अर्ब २० करोड रुपैयाँभन्दा बढीको सुनको आयात भएको छ। गत वर्ष सात अर्ब ९५ करोडबराबर सुन आयात भएको थियो। त्यस्तै, परिमाणमा भने यसपालि सुनको आयात घटेको छ। यसपालि पोहोरको तुलनामा एक सय १६ किलो कम सुन आयात भएको छ।

### ■ निर्यातसमेत खस्कियो

चालू आर्थिक वर्षको कात्तिकसम्म आइपुग्दा निर्यातसमेत अघिल्लो वर्षको भन्दा ७.६८ प्रतिशतले घटेर ५० अर्बमा सीमित भएको छ। अघिल्लो वर्षको कात्तिकसम्ममा ५४ अर्बको निर्यात भएको थियो। निर्यातसँगै आयात पनि घटेकाले मुलुकको व्यापार घाटा पनि कम हुँदै गएको छ।

अघिल्लो वर्ष चार खर्ब ७७ अर्बले व्यापार घाटा रहेकामा यस वर्ष यस्तो घाटा चार खर्ब ६१ अर्ब रुपैयाँमा सीमित भएको छ। मुलुकको व्यापार घाटा अन्तर बढ्दै गएको छ। अर्थात् अहिले मुलुकबाट एक रुपैयाँको निर्यात हुँदा १० रुपैयाँ १४ पैसाबराबरको आयात भएको छ।

अघिल्लो वर्ष यस्तो अन्तर कम थियो। अघिल्लो वर्ष यही अवधिमा एक रुपैयाँबराबरको निर्यात हुँदा नौ रुपैयाँ ७३ पैसाबराबरको आयात भएको थियो।

## विद्युत् निर्यात ६४ प्रतिशत वृद्धि, चार महिनामा साढे १२ अर्बको भारतमा बिक्री

**काठमाडौं**/ चालू आर्थिक वर्ष (आव) ०८०/८१ को पहिलो चार महिनामा भारततर्फको विद्युत् निर्यात ६४ प्रतिशतले बढेको छ। यो अवधिमा नेपालबाट १२ अर्ब ५० करोड आठ लाख रुपैयाँको विद्युत् निर्यात भएको छ। गत आवको चार महिनामा सात अर्ब ६३ करोड ६४ लाखको विद्युत् निर्यात भएको थियो।

परिमाणका आधारमा समीक्षा अवधिमा एक अर्ब ३६ करोड १२ लाख युनिट विद्युत् निर्यात भएको छ। गत आवको सोही अवधिमा ९८ करोड ३८ लाख युनिट विद्युत् निर्यात भएको थियो। प्राधिकरणले चालू आवमा १५ अर्ब रुपैयाँ हाराहारीमा विद्युत् निर्यात हुने अनुमान गरेको छ। यो वर्ष २८ जेठबाट भारतीय बजारमा प्राधिकरणले विद्युत् बिक्री गरेको हो। जेठदेखि कात्तिकसम्ममा भने एक अर्ब ६२ करोड १६ लाख युनिट विद्युत् निर्यात गरी १४ अर्ब ५० करोड २१ लाख आर्जन भएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चार महिनाको अवधिमा विद्युत् निर्यातबाट देशको विदेशी मुद्रा सञ्चिति बढाउन तथा नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको बताए। प्राधिकरणले आइएक्सको डे-अहेड बजार र रियल टाइम बजारमा प्रतिस्पर्धामार्फत बिक्री गर्दै आएको छ। यसैगरी, मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको छ। एनभिभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिएको पाँच सय २२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्री अनुमति दिइएको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी ६ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ।

प्राधिकरणले कात्तिक ०७८ देखि भारतीय बजारमा व्यावसायिक रूपमा विद्युत् निर्यात गर्दै आएको छ। यद्यपि, प्राधिकरणले स्वदेशी माग धान्न सन् १९७१ देखि नै भारतबाट विद्युत् आयात गर्दै आएको थियो। नेपालमा उत्पादन बढ्दै गएपछि प्राधिकरणले पहिलो चरणमा इनर्जी बैंकिङ (पैंचो)का रूपमा भारतको बिहार राज्यलाई बिक्री गर्दै आएको थियो। पछि हिउँदमा निर्यात भएबराबरको विद्युत् आयात गरिन्थ्यो र बढी भएमा शुल्क भुक्तानी गरिन्थ्यो। प्राधिकरणले कात्तिक ०७८ देखि भने भारतको इनर्जी एक्सचेन्ज मार्केटमा व्यापारिक रूपमा नै विद्युत् बिक्री गर्दै आएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

## धेरै आयकर बुझाएर शाह लगातार दोस्रोपटक सम्मानित

**नवीन अर्याल**/नयाँ पत्रिका

नेपालमा 'लिकर किङ' भनेर चिनिने विजयकुमार शाह लगातार दोस्रोपटक व्यक्तिगत आयतर्फ सबैभन्दा धेरै आयकर बुझाउने करदाता बनेका छन्। आर्थिक वर्ष ०७८/७९ मा सबैभन्दा धेरै व्यक्तिगत आयकर बुझाएका उनलाई बिहीबार अर्थमन्त्री डा. प्रकाशशरण महतले सम्मान गरेका हुन्। जावलाखेल ग्रुप अफ इन्डस्ट्रिजका अध्यक्ष शाह आर्थिक वर्ष ०७५/७६ मा पनि व्यक्तिगत आयतर्फ सबैभन्दा धेरै आयकर बुझाएर सम्मानित भएका थिए। आन्तरिक राजस्व विभागले 'राष्ट्रिय कर दिवस-२०८०' को अवसर पारेर आर्थिक वर्ष ०७८/७९ मा विभिन्न विधामा धेरै कर दाखिला गर्ने १६ करदातालाई सम्मान गरेको हो। संस्थातर्फ सबैभन्दा बढी आयकर तिर्नेमा नेपाल दूरसञ्चार कम्पनी भएको छ।

आन्तरिक राजस्व विभागले ०६९ सालदेखि हरेक वर्ष उत्कृष्ट करदातालाई सम्मान गर्दै आएको छ। अहिलेसम्म सबैभन्दा धेरैपटक (६ वर्ष) व्यक्तिगत आयकर बुझाएर सिप्रदी ग्रुपका अध्यक्ष सिद्धार्थशमशेर राणा सम्मानित भएका छन्। यो वर्ष उनकै मुख्य लगानी रहेको भोटेकोशी पावर कम्पनी ऊर्जामूलक उद्योगतर्फ सबैभन्दा धेरै कर बुझाएर सम्मानित भएको छ। यस्तै, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे र बाँसबारी न्युरो अस्पतालका संस्थापक स्वर्गीय डा. उपेन्द्र देवकोटा पनि सबैभन्दा धेरै आयकर बुझाएर एक-एकपटक सम्मानित भइसकेका छन्।

### ■ सबैभन्दा बढी कर बुझाउने व्यक्ति र संस्था

| विधा | करदाताको नाम |
|---|---|
| व्यक्तिगत आयकरतर्फ | विजयकुमार शाह |
| संस्थातर्फ आयकर तिर्ने | नेपाल दूरसञ्चार कम्पनी |
| निर्यात कारोबारमध्ये | डाबर नेपाल प्रालि |
| विशेष उद्योगमध्ये | एसियन पेन्ट्स प्रालि |
| कृषि एवं पशुपक्षीजन्य उद्योगमध्ये | ओसिबी फुड्स एन्ड फिड्स |
| सहकारी तथा लघुवित्ततर्फ | छिमेक लघुवित्त वित्तीय संस्था |
| बैंक वित्तीय संस्थातर्फ | ग्लोबल आइएमई बैंक |
| बिमा व्यवसायमध्ये | लाइफ इन्स्योरेन्स कर्पोरेसन |
| स्वास्थ्य तथा शिक्षातर्फ | नोबेल मेडिकल कलेज |
| पर्यटन व्यवसायमध्ये | मनकामना दर्शन प्रालि |
| वस्तु व्यापारको कारोबारमध्ये | भाटभटेनी सुपरमार्केट |
| मध्यमस्तरीय करदातामध्ये | नेपाल स्टक एक्सचेन्ज |
| ऊर्जामूलक उद्योगमध्ये | भोटेकोशी पावर कम्पनी |
| रेमिट्यान्स कम्पनीतर्फ | आइएमई लिमिटेड |
| धेरै आन्तरिक राजस्व तिर्ने | सूर्य नेपाल |
| सबैभन्दा बढी भ्याट दाखिला गर्ने | सूर्य नेपाल |

निर्यात कारोबारतर्फ डाबर नेपाल सबैभन्दा धेरै कर दाखिला गर्ने उद्योग बनेको छ। विशेष उद्योगमध्ये एसियन पेन्ट्स, कृषि एवं पशुपक्षीजन्य उद्योगमध्ये ओसिबी फुड्स एन्ड फिड्स, सहकारी तथा लघुवित्तको कारोबार गर्ने संस्थामध्ये छिमेक लघुवित्त वित्तीय संस्था, बैंक तथा वित्तीय संस्थामध्ये ग्लोबल आइएमई बैंक, बिमा व्यवसायमध्ये लाइफ इन्स्योरेन्स कम्पनी सबैभन्दा धेरै कर बुझाउने कम्पनी बनेका छन्। यस्तै, स्वास्थ्य तथा शिक्षा सेवाप्रदायकमध्ये नोबेल मेडिकल कलेज, पर्यटन व्यवसायतर्फ मनकामना दर्शन प्रालि, वस्तु व्यापारको कारोबारतर्फ भाटभटेनी सुपरमार्केट, मध्यमस्तरीय करदातामध्ये नेपाल स्टक एक्सचेन्ज, ऊर्जामूलक उद्योगमध्ये भोटेकोशी पावर कम्पनी, रेमिट्यान्स कम्पनीतर्फ आइएमई लिमिटेड, सबैभन्दा बढी कुल आन्तरिक राजस्व दाखिला गर्नेमा सूर्य नेपाल सम्मानित भएका छन्। ०७५ साउनदेखि ०८० असार मसान्तसम्म नियमित र सबैभन्दा बढी करमा सहभागिता जनाएका करदातामध्ये सबैभन्दा बढी भ्याट तिर्नेमा पनि सूर्य नेपाल नै पहिलो बनेको छ।


**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

थप जानकारीको लागि QR Code Scan गर्नुहोस्

**यस बैंकको वितामोड शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना**

**प्रकाशित मिति : २०८०/०८/०८**

यस विकास बैंकको वितामोड शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले घर कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ताहरु लाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी सहित ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| सि. नं. | ऋणीको विवरण | धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **प्रविण थापा**<br>ना.प्र.नं. : ०१२८८१३०२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>बाबु : ध्रुव कुमार थापा<br>बाजे : रमेश बहादुर थापा<br>ठेगाना : अनारमनी गा.वि.स. वडा नं.०३, हाल वितामोड न.पा. वडा नं.०५, झापा।<br><br>**शाखा कार्यालय : वितामोड**<br>**कर्जा शीर्षक : घर कर्जा** | **शान्ता देवी थापा**<br>ना.प्र.नं. : ०१२८७६१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>पति : ध्रुव कुमार थापा<br>ससुरा : रमेश बहादुर थापा<br>ठेगाना : अनारमनी गा.वि.स. वडा नं.०३, हाल वितामोड न.पा. वडा नं.०५, झापा।<br><br>**सुस्मिता क्षेत्री थापा**<br>ना.प्र.नं. : ०४-०१-७२-०५११२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>पति : प्रविण थापा<br>ससुरा : ध्रुव कुमार थापा<br>ठेगाना : वितामोड न.पा. वडा नं.०६ हाल वितामोड न.पा. वडा नं.०५ झापा। | १) शान्ता देवी थापाको नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)<br>ठेगाना / नक्सा सिट / कित्ता नं. / क्षेत्रफल (ब.मि)<br>अनारमनी-३ / १७९००८०१७ / २१० / ५०.७९<br>अनारमनी-३ / १७९००८०१७ / १४८ / ५०.७९<br>अनारमनी-३ / १७९००८०१७ / १४७ / ८४.३५<br>साथै सम्पूर्ण लिगलगापात समेत। |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (कित्ता) वा कुनै एक कित्ता वा अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
७. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको २:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च** : उल्लिखित ऋणी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/०८/१४ गते र बोलपत्र खोलिने मितिः २०८०/०८/१५**
**समयः दिनको : २:०० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**



**अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Best Wood Master Nepal** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य (MRP) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGE HOOD | NA | ALBA Classic Italian | HZ-0998 | NA | CHINA | 75 | 14244 | 14244 | |
| 2 | RANGE HOOD | NA | ALBA Classic Italian | HZ-0975 | NA | CHINA | 50 | 14893 | 14893 | |
| 3 | RANGE HOOD | NA | ALBA Classic Italian | HZ-1000BF | NA | CHINA | 100 | 16326 | 16326 | |
| 4 | RANGE HOOD | NA | GALAXY 90 | GALAXY 90 | NA | CHINA | 100 | 17766 | 17766 | |

**Best Wood Master Nepal**
Mahalaxmi Munacipality-7, Tikathali, Lalitpur

स्थायी लेखा नं. : **601616859**
फोन नं. : **9851088076**



**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय, हेटौंडा, मकवानपुर**

**सामुदायिक विद्यालयहरुले विपद व्यवस्थापनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८०/०८/०८**

बागमती प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमा क्षतिको रोकथाम गरी विपद् व्यवस्थापन गर्नका लागि केही सामुदायिक विद्यालयहरुलाई अनुदान वितरण गर्ने कार्यक्रम भएको हुँदा यस प्रदेश भित्रका शिक्षण सस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र विपद व्यवस्थापन सम्बन्धी प्रस्ताव सहित तपसिलका कागजातहरु शिक्षा विकास निर्देशनालय बागमती प्रदेशमा पेश गर्नहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

(क) स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय र स्थानीय तहको सिफारिश पत्र
(ख) सुरक्षा निकायको रोहबरमा तयार पारिएको मुचुल्का
(ग) क्षतिको विवरण झल्कने तस्वीरहरू
(घ) विपद् व्यवस्थापनका लागि आवेदन दिएको शीर्षकमा चालु आ.व. मा सङ्घ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट अनुदान प्राप्त नगरेको स्थानीय तहको सिफारिश
(ङ) स्थानीय तहको प्राविधिकले गरेको लागत स्टिमेट
(च) सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापनका लागि विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिवद्धता पत्र
(छ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नामावली सहित नियमानुसार कार्यकाल बाकी रहेको भन्ने व्यहाराको स्थानीय तहको पत्र।

कुनै विद्यालयले यो सूचना प्रकाशन हुनु अगावै विपद् व्यवस्थापनका लागि अनुदान माग गर्न फायल पेश गरेको तर माथि उल्लेखित कुनै कागजात छुट भएको भए यो सूचनाको म्याद भित्र कागजातहरु पूरा गर्नुपर्नेछ।

विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम मापदण्ड २०७८ निर्देशनालयको वेवसाइट www.edd.bagamati.gov.np मा उपलब्ध रहेको छ।

**निर्देशक**

# बढी कर तिर्ने ग्लोबल आइएमई बैंक सम्मानित

**काठमाडौं**/ ग्लोबल आइएमई बैंक लिमिटेड बैंक तथा वित्तीय संस्थामध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने बैंक बनेको छ। आव ०७८/७९ मा तीन अर्ब २० करोड रुपैयाँ कर दाखिला गरेसँगै सबैभन्दा बढी आयकर तिर्ने बैंक बनेको हो।

आन्तरिक राजस्व कार्यालयले राष्ट्रिय कर दिवस २०८० को अवसरमा आयोजित कर सप्ताह समापन कार्यक्रममा बैंक तथा वित्तीय संस्थाअन्तर्गत सर्वाधिक कर तिर्ने बैंकका रूपमा ग्लोबल आइएमईलाई सम्मान गरेको जनाइएको छ। कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री डा. प्रकाशशरण महतले ग्लोबल आइएमईका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई सम्मान गरेको बैंकले जनाएको छ।

चुक्ता पुँजी ३५ अर्ब ७७ करोड रुपैयाँ रहेको ग्लोबल आइएमई बैंकले हाल



विभिन्न सूचकहरूमा नेपालको सबैभन्दा ठूलो बैंकका रूपमा स्थापित रहेको दाबी गरेको छ। देशका ७७ वटै जिल्लामा शाखा रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंकका रूपमा हाल देशभरमा तीन सय ५० शाखा, तीन सय ६९ एटिएम, तीन सय २२ शाखारहित बैंकिङ सेवा, ६६ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको बैंकले जनाएको छ।

## रेमिट्यान्स कम्पनीमा पनि आइएमई पहिलो

**काठमाडौं**/ रेमिट्यान्स कम्पनीहरूमध्ये सबैभन्दा बढी आयकर तिर्ने कम्पनीका रूपमा आइएमई लिमिटेड सम्मानित भएको छ। राष्ट्रिय कर दिवस २०८० का अवसरमा बिहीबार काठमाडौंमा आन्तरिक राजस्व विभागले आइएमई लिमिटेडलाई सम्मान गरेको हो।

विशेष समारोहमा अर्थमन्त्री डा. प्रकाशशरण महतलेबाट आइएमई ग्रुपका प्रबन्ध निर्देशक र आइएमई लिमिटेडका संस्थापक तथा सञ्चालक हेमराज ढकालले उक्त सम्मान ग्रहण गरेका हुन्। आव ०७८/७९ मा विभिन्न १६ विधामा सर्वाधिक आयकर तिर्ने कम्पनीहरूमध्ये रेमिट्यान्सतर्फ सबैभन्दा बढी आयकर बुझाउन सफल भएको आइएमई लिमिटेडले जनाएको छ।

सन् २००१ मा स्थापित आइएमईले नेपालको समग्र रेमिट्यान्स क्षेत्रलाई संस्थागत तुल्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको दाबी गरेको छ। साधारण सेयर निष्कासन गर्ने तयारी गरिरहेको आइएमई सबैभन्दा बढी आयकर तिर्ने कम्पनीका रूपमा यसभन्दा अघि पनि पटक-पटक सम्मानित हुँदै आएको जनाइएको छ। हाल कम्पनीले दुई सय २५ आइएमई सेन्टरसहित ७७ जिल्लाका करिब १२ हजार सबएजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत विदेशमा नेपालीले कमाएको रकम नेपलमा रहेका आफन्तको हातमा छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट वितरण गर्दै आइरहेको जनाएको छ।

## भैरहवाको स्पिनिङ मिल्समा एभरेष्ट बैंकको एटिएम

**काठमाडौं**/ एभरेष्ट बैंक लिमिटेडले स्पिनिङ मिल्समा एटिएम सञ्चालन गरेको छ। सो एटिएमको बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र मिल्सका निर्देशक दिवस न्यौपानेले संयुक्त रूपमा उद्घाटन गरेका हुन्। योसँगै बैंकको एटिएमको संख्या एक सय ६३ पुगेको बताइएको छ।

उद्घाटनका अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत खालिङले उक्त एटिएम सेवा विस्तारसँगै मिल्समा कार्यरत सम्पूर्ण मजदुर र कर्मचारी तथा मायादेवी गाउँपालिका वडा नं ३ का स्थानीय बासिन्दालाई थप सहज र सरल हुने बताए। त्यस्तै, मिल्सका निर्देशक न्यौपानेले बैंकले आफ्नो प्रंगणमा एटिएम सञ्चालनमा ल्याएकोमा खुसी व्यक्त गरे।

सोही अवसरमा बैंकले मिल्समा कार्यरत ५० भन्दा बढी मजदुरलाई वित्तीय साक्षरता कार्यक्रमसमेत सञ्चालन गरेको छ।

## लालीगुराँस सहकारीले दुईवटा साधारणसभा एकैपटक गर्ने

**काठमाडौं**/ ललितपुरको पुल्चोकमा रहेको श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्थाले २३औँ र २४औँ वार्षिक साधारणसभा एकैपटक गर्ने भएको छ। संस्थाले पुस मसान्तभित्र साधारण सम्पन्न गर्ने तयारी गरेको हो।

नेपालको वित्तीय बजारमा देखिएको उच्च तरलताको समस्यालगायत अन्य विविध समस्याका कारण संस्थाले २३औँ वार्षिक साधारणसभा आयोजना गर्न नसकेको जनाउँदै संस्थाका सञ्चालक समिति सचिव सुरेन्द्र भण्डारीले पुस मसान्तभित्र २३औँ र २४औँ वार्षिक साधारणसभा सम्पन्न गर्ने बताए। सेयर सदस्यको निरन्तर सहयोगका कारण संस्थाले सफलता हासिल गर्दै वार्षिक साधारणसभाको तयारी थालिएको उनको भनाइ थियो।

संस्थाको आव ०७९/८० सम्म करिब नौ अर्बको कुल करोबार रहेको जानकारी दिँदै सचिव भण्डारीले आव ०७८/७९ को खुद मुनाफा रकमबाट ८ प्रतिशत र आब ०७९/८० को खुद मुनाफा रकमबाट ५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव राखेको बताए। संस्थाले आफ्नै लगानीमा चितवनको खैरहनीमा देशकै ठूलो गाई फार्म श्री लालीगुराँस डेरी फार्म एन्ड रिसर्च सेन्टर र ललितपुरको गोदावरीमा श्री लालीगुराँस दुग्ध प्रशोधन उद्योग सञ्चालन गरेको जनाएको छ।

## मनकामना केबलकारको वार्षिकोत्सवमा सरसफाइ र रक्तदान

**काठमाडौं**/ मनकामना दर्शन प्रालिले आफ्नो २५औँ वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बिहीबार गोरखाको मनकामनास्थित प्रसिद्ध धार्मिकस्थल मनकामना देवीको मन्दिरपरिसरमा सरसफाइ कार्यक्रम गरेको हो। सोही दिन केबलकारको तल्लो स्टेसन चेरेसमा रक्तदान कार्यक्रम सम्पन्न गरेको कम्पनीले जनाएको छ।

२५ वर्षदेखि चितवनको कुरिनटारदेखि गोरखाको मनकामना मन्दिरसम्म केबलकार सेवा सञ्चालन गरिरहेको मनकामना दर्शन प्रालिले माता मनकामनाको मन्दिरलाई मात्रै नभएर चितवनको इच्छाकामना र गोरखाको सहिद लखन गाउँपालिकालाई नै पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न अतुलनीय योगदान गरेको कम्पनीको भनाइ छ। कम्पनीले केबलकार टिकटबाट भएको वार्षिक आम्दानीको १-१ प्रतिशत हिस्सा यी दुई गाउँपालिकालाई उपलब्ध गराउँदै आएको छ।

## वैदेशिक रोजगारीमा रहेकालाई मुक्तिनाथको सेयर बाँडफाँट

**काठमाडौं**/ वैदेशिक रोजगारीमा रहेकालाई मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सेयर बाँडफाँट भएको छ। कम्पनीले जारी पुँजीको २० प्रतिशत अर्थात् १४ करोड रुपैयाँबराबरको १४ लाख कित्ता साधारण सेयर छुट्याएकामा सो रकमको १० प्रतिशतले हुन आउने एक लाख ४० हजार कित्ता वैदेशिक रोजगारीमा रहेका १४ हजार आवेदनकर्तालाई १० कित्ताका दरले १०० रुपैयाँ अंकित दरमा बाँडफाँट गरिएको कम्पनीले जनाएको छ। एक लाख ४० हजार कित्ता सेयर खरिदका लागि कुल ३१ हजार एक सय ९६ जनाले आवेदन दिएका थिए।


**नेशनल डेन्टल हस्पिटल लिमिटेडको**
**हकप्रद शेयर जारी गर्ने सूचना**
(प्रकाशित मितिः २०८०/०८/०८ गते)

यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरिद गर्न पाउने गरि यस कम्पनीको जम्मा २,९०,४०० थान शेयरको १०० प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरे बमोजिम, मिति २०८०/०६/२९ गते बसेको सञ्चालक समिति बैठकले शेयर बिक्री गर्ने सूचना जारी गर्ने निर्णय गरेकोले यस कम्पनीका शेयर धनीज्यूहरुले मिति २०८०/०८/०८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको मिति देखि १५ दिन (अन्तिम मिति २०८०/०८/२२) गते सम्ममा प्रति शेयर रु. १००/-(एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५०००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचना बाट जानकारी गराइन्छ। अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने व्यहोरा समेत यसै सूचना बाट जनकारी गराइन्छ।

*कम्पनी सचिव*

**नेशनल डेन्टल हस्पिटल लिमिटेड**
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६



कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित
**नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड**
**NEPAL WAREHOUSING COMPANY LIMITED**
रजिष्टर्ड कार्यालयः काठमाण्डौ महानगरपालिका,वडा नं. ५, सिनामङ्गल, काठमाण्डौं, फोन नं. :०१-४११७५६१
इमेलः info@nwcl.com.np, वेबसाइटः www.nwcl.com.np
को

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड तथा फिर्ता भुक्तानी सम्बन्धी सूचना**

यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु. ६८,७५,००,०००/- को २० प्रतिशत अर्थात रु.१३,७५,००,०००/- रकम बराबरको प्रति शेयर रु. १००/- अंकित दरको १३,७५,००० कित्ता साधारण शेयरहरु मध्ये १० प्रतिशत अर्थात् १,३७,५०० कित्ता साधारण शेयरहरु नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको लागि हिमालयन क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा मिति २०८०/०७/१० गते देखि मिति २०८०/०७/२४ गतेसम्म बिक्री खुल्ला गरिएकोमा सो अवधि भित्र रितपुर्वक आवेदन दिनु हुने आवेदकहरु मध्ये १३,७५० आवेदकहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम मिति २०८०/०८/०७ गते बिहीबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शेयर बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेडको वेबसाइटःwww.himalayancapital.com अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेबसाइटःipo result.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको बैंक खातामा रकमान्तरण गर्नहुन र बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाताबाट फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

निष्काशन तथा बिक्री प्रबन्धकः
Himalayan Capital
A wholly owned Subsidiary of Himalayan Bank limited
**हिमालयन क्यापिटल लिमिटेड**
कर्मचारी संचय कोष भवन, ठमेल, काठमाण्डौं, फोनः ०१-५३५८३४५/५३६३१४७
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com



**स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.**
**Swabalamban Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं, फोन नं. ०१-४५३४९२१/२२

**नगद लाभांश भुक्तानी नलिनु भएका शेयरधनी महानुभावहरूलाई भुक्तानी लिन आउने सम्बन्धी सूचना**

(सूचना प्रकाशन मितिः २०८०/०८/०८)

यस वित्तीय संस्थाको वार्षिक साधारण सभाबाट पारित भएको आ.व. २०६३।६४, २०६५।६६, २०६६।६७, २०६७।६८, २०६८।६९, २०६९।७०, २०७०।७१, २०७१।७२, २०७२।७३ र २०७३।७४ को (पाँच वर्षभन्दा पुरानो) नगद लाभांश कतिपय शेयरधनी महानुभावहरुद्धारा हालसम्म पनि बुझिलिन बाँकी रहेकाले उक्त नगद लाभांश रकम भुक्तानी नलिनु भएका शेयरधनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो शेयर प्रमाण पत्रका साथ आफ्नो कुनै परिचयपत्र लिई वा उल्लेखित आ.व. मा शेयरधनी रहनुभएको तर हाल आफ्नो शेयर विक्रि गरिसकेका तत्कालिन शेयरधनीहरुले आवश्यक कागजातको प्रतिलिपी सहित यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लिमिटेड कर्मचारी सञ्चय कोष भवन ठमेल (फोन नं. ०१-५३५८३४५) काठमाण्डौंमा कारोबार समयमा सम्पर्क राखी लाभांशपूर्जा/रकम बुझिलिनु हुन कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (९) र (१०) तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १५ को ३ (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त अवधि पश्चात उल्लेखित रकम कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापना भएको "लगानीकर्ता संरक्षण कोष" मा जम्मा हुने व्यहोरा समेत जानकारी गराउँदछौं। उल्लेखित शेयरधनीहरुले बुझिलिन बाँकी रहेको नगद लाभांशको विस्तृत विवरण यस वित्तीय संस्थाको वेभसाईट www.swbbl.com.np मा समेत प्रकाशित गरिएको छ। साथै, आ.व. २०७४।७५ देखि आ.व. २०७८।७९ सम्मको बुझिलिन बाँकी रहेको नगद लाभांश रकमहरु पनि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लिमिटेडबाट बुझिलिनु हुन समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीको धितोमा रहेको सम्पति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०८/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड (सावीक एन.सी.सी. बैक लि.) शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीवाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैकलाई धितो बन्धक लेखिँदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा विक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १५ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा लिलाम विक्री गरी बैकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अन्तर्गत मिति २०७२/०२/२० मा प्रा.फ.र.नं. १४३९/७९४१/०७२ कायम भई आन्तरिक राजस्व कार्यालय बुटवलबाट मिति २०७२/०२/२० मा स्थायी लेखा नम्बर (पान) नं. ६०३२९९४३४ प्राप्त गरेको **आयुषा सप्लायर्स** (प्रोप्राईटर पाराश्वर सापकोटाको नाति, चुरामणी सापकोटाको छोरा नवलपरासी जिल्ला, स्वाठी न.पा./गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल ऐ.ऐ वडा नं. ०९ बस्ने **रामचन्द्र सापकोटा** (ना.प्र.नं. ५१८०३, जारी मिति २०५६/०७/२९, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**
१. जय नारायण भुपालको छोरी, चुरामणी सापकोटाको बुहारी, रामचन्द्र सापकोटाको पत्नी नवलपरासी जिल्ला, प्रगतीनगर न.पा./गा.वि.स.वडा न ०७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. जिल्ला, सुनवल न.पा वडा नं. ०९ बस्ने **मथुरा देवी भुषाल सापकोटा** (ना.प्र.नं. ३६७१८, जारी मिति २०६०/११/०४, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
२. सर्वन्द भुपालको छोरी, पाराश्वर सापकोटाको बुहारी, चुरामणी सापकोटाको पत्नी पर्वत जिल्ला, सरौखोला न.पा./गा.वि.स.वडा नं. ०९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०९ बस्ने **कुन्ती कुमारी सापकोटा** (ना.प्र.नं. ५६८५, जारी मिति २०४५/०१/२४, जिल्ला प्रशासन कार्यालय पर्वत)।
३. विद्याखर सापकोटाको नाती, पाराश्वर सापकोटाको छोरा, कुन्ती कुमारी सापकोटाको पति पर्वत जिल्ला, सरौखोला न.पा./गा.वि.स.वडा न ०९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. ०९ बस्ने **चुरामणी सापकोटा** (ना.प्र.नं. १५२९ जारी मिति २०४२/०१/२५, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

**लिलाम हुने सम्पत्तीको विवरणः**
१. **मथुरा देवी भुषाल (सापकोटा)**को नाममा मालपोत कार्यलय, परासी नवलपरासी दर्ता कायम रहेको, नवलपरासी जिल्ला सावीक स्वाठी गा.वि.स वडा नं ९/ख स्थित कि.नं. ८२० र ८२२ को क्षेत्रफल क्रमश ०-०-११-२ र ०-०-१०-३ (वि.क.धु.क) को जग्गा, तथा सोको सम्पूर्ण लिगलगापात समेत।
२. **रामचन्द्र सापकोटा**को नाममा मालपोत कार्यलय,परासी नवलपरासी दर्ता कायम रहेको, नवलपरासी जिल्ला सावीक स्वाठी गा.वि.स वडा नं ९ स्थित कि.नं.४५०, ४४७, २१७ र ३२२ को क्षेत्रफल क्रमश ०-०-९-० र ०-०-४.२-०, ०-०-१० र ०-०-३ (वि.क.धु) को जग्गा, तथा सोको सम्पूर्ण लिगलगापात समेत।
३. **मथुरा देवी भुषाल(सापकोटा)**को नाममा मालपोत कार्यलय, परासी नवलपरासी दर्ता कायम रहेको, नवलपरासी जिल्ला सावीक तिलकपुर गा.वि.स वडा नं ५ स्थित कि.नं.३६५ को क्षेत्रफल क्रमश ०-०-११.५० (वि.क.धु) को जग्गा, तथा सोको सम्पूर्ण लिगलगापात समेत।
४. **कुन्ती कुमारी सापकोटा**को नाममा मालपोत कार्यलय, परासी नवलपरासी दर्ता कायम रहेको, नवलपरासी जिल्ला, सावीक स्वाठी गा.वि.स वडा नं ९/ग स्थित कि.नं. ३२१ को क्षेत्रफल ०-०-७ (वि.क.धु) को जग्गा, तथा सोको सम्पूर्ण लिगलगापात समेत।
५. धनि कुमारी बैक लि.(सावीक एन.सी.सी बैक).र ऋणी **श्री आयुषा सप्लायर्स** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल रुपन्देहीमा दर्ता कायम रहेको चे.नं. MC2L4GRCOJCOO7304, ई.नं. 81B4456358, सवारी नं. लु २ क ४४१८, सवारी मोडल EICHER TERRA 25 BOGIE TRIPPER को टिपर थान १।

**शर्तबन्देजहरुः**
१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० मंसिर १४ गते** भित्र बैकको शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैक लिमिटेडको शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीवाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलवन्दी गरी वाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैक लि.मा जम्मा गरेको भौचर, कुमारी बैक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० मंसिर १५ गते** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक विदा परेमा सोको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैकको शाखा कार्यालय ट्राफिक चोक, रूपन्देहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम विक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम विक्री गर्दा वा बैक आफैले सकार गर्दाको अवस्थामा समेत बैकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर १५ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय ट्राफिक चोक, रूपन्देही फोन नं. ०७१-५३६६३०**



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय दिपायल, डोटीको धितोमा रहेको सम्पति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०८/०८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड (सावीक एन.सी.सी. बैक लि.) शाखा कार्यालय दिपायल, डोटीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैकलाई धितो बन्धक लेखिँदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा विक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १५ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय दिपायल, डोटीमा लिलाम विक्री गरी बैकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरणः**
औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति राजपुर, डोटीमा मिति २०४९/०४/०८ मा दर्ता नं. २७३/०४९/०५० कायम भई डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०६ (सावीक डोटी जिल्ला दिपायल सिलगढी न.पा. वडा नं. ०१) स्थित रजिष्टर्ड कार्यालय रहेको **बि.एस. कन्स्ट्रक्सन** (प्रोप्राईटर लक्ष्मी नारायण श्रेष्ठको नाति, जयराज श्रेष्ठको छोरा, सशी श्रेष्ठको पति, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०६ (सावीक डोटी जिल्ला दिपायल न.पा. वडा नं. ०१) बस्ने **अशोक कुमार श्रेष्ठ** (ना.प्र.नं. २५९४/९६९, जारी मिति २०४४/१०/२२, जिल्ला प्रशासन कार्यालय डोटी)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**
१. लक्ष्मी नारायण श्रेष्ठको नाति, जयराज श्रेष्ठको छोरा, सशी श्रेष्ठको पति, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०६ (सावीक डोटी जिल्ला दिपायल न.पा. वडा नं. ०१) बस्ने **अशोक कुमार श्रेष्ठ** (ना.प्र.नं. २५९४/९६९, जारी मिति २०४४/१०/२२, जिल्ला प्रशासन कार्यालय डोटी)।
२. जयराज श्रेष्ठका बुहारी, नवराज श्रेष्ठको छोरी, अशोक कुमार श्रेष्ठको पत्नी, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०६ (सावीक डोटी जिल्ला दिपायल सिलगढी न.पा. वडा नं. १) बस्ने **सशी श्रेष्ठ** (ना.प्र.नं. १/२५२२१/६३, जारी मिति २०६२/०१/१८, जिल्ला प्रशासन कार्यालय डोटी)।
३. जयराज श्रेष्ठको नाति, अशोक कुमार श्रेष्ठ/सशी श्रेष्ठको छोरा, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०६ (सावीक डोटी जिल्ला दिपायल न.पा. वडा नं. ०१) बस्ने **योगेश श्रेष्ठ** (ना.प्र.नं. १/३०११२/३७२, जारी मिति २०६३/०५/१४, जिल्ला प्रशासन कार्यालय डोटी)।
४. जयराज श्रेष्ठको नाति, अशोक कुमार श्रेष्

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार ८ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

## स्यामुएल्सलाई ६ वर्ष प्रतिबन्ध



**दुबई**/ अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले वेस्ट इन्डिजका पूर्वक्रिकेटर मार्लोन स्यामुएल्सलाई म्याच फिक्सिङ प्रकरणमा दोषी ठहर गर्दै ६ वर्षका लागि सबैखाले क्रिकेटबाट प्रतिबन्ध लगाएको छ। इमिरेट्स क्रिकेट बोर्ड (इसिबी)को एन्टीकरप्सन संहिता तोडेको आरोपपछि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले निलम्बन गरेको हो। उनलाई ६ वर्षका लागि सबैखाले क्रिकेटमा प्रतिबन्ध लगाएको छ।

युएईको टी-१० लिगका दौरान उनले फिक्सिङसँग सम्बन्धित नियम तोडेका थिए। २०१९ मा अबुधाबीमा भएको टी-१० मा उनी कर्नाटक टस्कर्समा थिए, तर सहभागिता जनाएनन्। २०२१ मा उनमाथिको चार अभियोगमा अहिले आइसिसीले दोषी ठहर गरेको हो।

> युएईमा २०२१ को टी-१० लिगको म्याच फिक्सिङ प्रकरणमा वेस्ट इन्डिजका पूर्वअलराउन्डर स्यामुएल्स दोषी

यो प्रतिबन्ध ११ नोभेम्बर २०२३ देखि लागू हुनेछ। वेस्ट इन्डिजले २०१२ र २०१६ को आइसिसी टी-२० विश्वकप जित्दा उनी मुख्य खेलाडी थिए। उनले दुवै संस्करणमा वेस्ट इन्डिजका लागि सर्वाधिक रन बनाएका थिए। स्यामुएल्सले वेस्ट इन्डिजबाट अन्तिमपटक २०१८ मा अन्तर्राष्ट्रिय क्रिकेट खेलेका थिए। २०२० नोभेम्बरमा उनले क्रिकेटका सबै फर्म्याटमा गरी ११ हजारभन्दा बढी रन बनाएका थिए। त्यही वर्ष नै उनले सन्न्यास घोषणा गरेका थिए।

२००८ मा स्यामुएल्स म्याच फिक्सिङमा मुछिएपछि प्रतिबन्धमा परेका थिए। 'स्यामुएल्स लगातार दुई दशक क्रिकेटमा आबद्ध छन्, उनले टी-१० लिगमा फिक्सिङ गरेको प्रमाण हामीसँग छ, यसै आधारमा कारबाही गरिएको हो,' आइसिसीका एचआर प्रमुख एलेक्स मार्सलले भने, 'यद्यपि, उनले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिए पनि फ्रेन्चाइज लिग खेल्ने सम्भावना छ।'

■ नेपाल सुपर लिग आजबाट

# उद्घाटन खेलमा काठमाडौंले इलामको सामना गर्ने

**नयाँ पत्रिका**

दोस्रो नेपाल सुपर लिग (एनएसएल) आजदेखि दशरथ रंगशालामा सुरु हुँदै छ। कुल ४० खेल हुने एनएसएलको उद्घाटन खेलमा साबिक विजेता काठमाडौं रेजर्सले नवप्रवेशी टोली स्पोर्टिङ इलामको सामना गर्नेछ। काठमाडौं र इलामका मार्की खेलाडी राष्ट्रिय फुटबल टोलीका हुन्। काठमाडौंका मार्की स्ट्राइकर हिसुव थपलिया भने इलामका विकेश कुथू हुन्। साबिक विजेता काठमाडौंका मुख्य प्रशिक्षक बालगोपाल महर्जनले उपाधि रक्षा गर्न चुनौती रहेको बताएका छन्। उनले उपाधि रक्षा गर्ने योजनाअनुरूप टोली तयार भएको बताए। 'हामी साबिक विजेता हौं, यसपटक उपाधि रक्षा गर्ने लक्ष्य छ,' प्रशिक्षक महर्जनले भने, 'लिगमा विदेशी खेलाडी नै निर्णायक हुन सक्छन्।'

काठमाडौंमा आबद्ध नेपाली खेलाडी लयमा रहेको उनले बताए। 'हामीसँग भएका लोकल खेलाडी लयमा छन्, स्थानीय र विदेशी खेलाडीको भरमा लिगमा सुखद सुरुवात चाहन्छौं,' उनले भने। तीन वर्षअघि पहिलो संस्करणको फाइनलमा धनगढी एफसीलाई १-० ले हराउँदै काठमाडौं च्याम्पियन बनेको थियो। यामाहाको स्वामित्वमा रहेको काठमाडौंले क्यामरुनका तीन र उज्वेकिस्तानका दुई खेलाडी भित्र्याएको छ।

टोलीमा राष्ट्रिय टोलीबाट हिसुवसँगै अभिषेक बराल र अञ्जन राई छन्। यसैगरी, राष्ट्रिय टोलीबाट खेलिसकेका प्रशान्त अवस्थी रहँदा उमेर समूहबाट खेलेका कुलदीप कार्की, एञ्जल श्रेष्ठ, मौसम सुब्बा, जियारथ शेखलाई काठमाडौंले भित्र्याएको छ। प्रतियोगिताको नियमअनुसार नै दुवै टोलीले समान पाँच विदेशी खेलाडी अनुबन्ध गरेका छन्। विदेशी खेलाडी नै निर्णायक हुने हुँदा यसपटक काठमाडौं र इलामले पाँचै विदेशी खेलाडी खेलाउने योजना बनाएका छन्।

यसपटक इलामसँगै वीरगन्ज युनाइटेड एफसी र झापा एफसी नयाँ टोली हुन्। गत सिजन निकै चर्चा कमाएको विराटनगर सिटी एफसीले आयोजकसँग असन्तुष्टि जनाउँदै नाम फिर्ता लिएको छ। प्रतियोगितामा काठमाडौं, धनगढी, इलाम, झापा, वीरगन्जसहित एफसी चितवन, बुटवल लुम्बिनी, पोखरा थन्डर्स र ललितपुर सिटी एफसी छन्।

### लुम्बिनीको जर्सी सार्वजनिक

फ्रेन्चाइज टोली बुटवल लुम्बिनी एफसीले दोस्रो संस्करणका लागि आफ्नो जर्सी सावर्जनिक गरेको छ। बिहीबार बुटबलले होम एन्ड अवे जर्सी सावर्जनिक गरेको हो। एरिक विष्ट मार्की रहेको बुटवलले आशिष लामालाई आइकोनिक खेलाडीका रूपमा भित्र्याएको छ। टोलीको प्रशिक्षण विजय महर्जनले सम्हालेका छन्। बुटवलले शनिबार ललितपुर सिटी एफसीसँग खेल्नेछ। बुटवल यशोदा फुड्सको करेन्ट तयारी चाउचाउ र एमडिएसी स्पोर्ट्सको स्वामित्वमा रहेको टोली हो। क्लबलाई करेन्ट चाउचाउले टाइटल स्पोन्सर गरेको छ।



> नवप्रवेशी टोली इलामले लिग उपाधि दाबी गर्न राष्ट्रिय टोलीका अधिकांश खेलाडी अनुबन्ध गरेको छ, उपाधि रक्षा गर्ने योजनामा रहेको काठमाडौंले विदेशी खेलाडीलाई प्राथमिकता दिएको छ

### डेब्युमै जित्ने योजना

लिगमा नयाँ टोलीमध्ये इलाम एक हो। पछिल्लो संस्करणमा काठमाडौंलाई उपाधि दिलाएका विकेश कुथू अहिले इलामका मार्की तथा कप्तान बनेका छन्। इलामले आफ्नो पहिलो सहभागितामै राम्रो नतिजा निकाल्न घरेलु फुटबलकै सफल प्रशिक्षक मानिने मेघराज केसीलाई अनुबन्ध गरेको छ।

इलामले टोली बलियो बनाउन सेनेगलका तीन खेलाडी अनुबन्ध गरेको छ। गिनी र भारतका एक-एक खेलाडी छन्। राष्ट्रिय टोलीबाट खेलेका अधिकांश खेलाडी इलाममा छन्। विकेशसँगै पूर्वकप्तान विराज महर्जन, भरत खवास, नवीन लामा, जितेन्द्र कार्की र आशिष गुरुङको साथ इलामलाई छ। उमेर समूहबाट खेलेका दीपेश घले, सन्तोष खत्री र सन्तोष महत पनि इलामै छन्।

प्रशिक्षक केसीले प्रतियोगिताका लागि छोटो समय प्राप्त भएको बताएका छन्। उनले सबै खेलाडी फिट रहेको जनाए। 'प्रतियोगितामा जित नै लक्ष्य हो, कम समयमा तयारी यसैअनुसार गरेका छौं,' केसीले भने, 'विदेशी खेलाडीसहित राम्रो टोली बनेको छ।' कप्तान विकेशले पनि जितबाट प्रतियोगिताको सुरु हुने जनाए। 'पहिलो संस्करणमा काठमाडौंलाई च्याम्पियन बनाएको थियौं। अब इलाममा पनि यही लक्ष्यका साथ अगाडि बढ्नेछु,' उनले भने।

# बागमतीले हरायो आयोजकलाई



प्रथम केपी ओली कप राष्ट्रिय टी-२० को उद्घाटन गर्दै एमाले अध्यक्ष केपी ओली

**रोहितराज पराजुली**/नयाँ पत्रिका

बागमती प्रदेशले प्रथम केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा जित निकालेको छ। मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनमा पोखरामा रंगशालास्थित क्रिकेट मैदानमा बिहीबार भएको खेलमा बागमतीले आयोजक एकेडेमीको रातोलाई १०९ रनले हराएको हो। टस हारेर ब्याटिङ गरेको बागमतीले २० ओभरमा सात विकेट गुमाउँदै १८४ रनको योगफल तयार गऱ्यो। प्रत्युत्तरमा आयोजक रातोले १४.२ ओभरमा अलआउट हुँदै स्कोर बोर्डमा ७५ रन जोड्यो।

बागमतीका म्यान अफ दी म्याच रित गौतमले ५३ बलमा ७४ रनको योगदान दिए। उनले आठ चौका र तीन छक्का प्रहार गरे। बागमतीका शुभ कंसाकारले २२ बलमा २७ रन जोड्न चार चौका र एक छक्का हिर्काए। बागमतीका कप्तान सन्दीप लामिछानेले चार बलमा तीन छक्काको सहयोगमा १८ रन बटुले। गौरव खड्काले १७ र प्रतीक श्रेष्ठले १४ रन जोडेका थिए। आयोजक रातोका लागि कप्तान अमर मिश्रले आठ बलमा १३ रन बनाए। विजय प्रजापतिले १८ बलमा दुई चौकाको सहयोगमा १३ रन बटुले। सन्तोष यादवले १२ र निर्मल थापाले १० रन बटुले। बागमतीका सन्दीपले चार विकेट लिए।

सुवास खत्रीले तीन विकेट हात पारे। प्रतिस जिसीले दुई र रिजन ढकालले एक विकेट लिएका थिए। आयोजक रातोका विप्रसन केसीले बागमतीका तीन खेलाडीलाई आउट पारे।

### खेलकुदले देशको पहिचान र गरिमालाई माथि उठाउन सक्छ : ओली

एमाले अध्यक्ष केपी ओलीले खेलकुदको माध्यमबाट देशको पहिचन र गरिमा माथि उठाउन सकिने बताएका छन्। प्रतियोगिताको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले क्रिकेट नेपालमा अलि पछि नै सुरु भएको जनाए। 'नेपालमा क्रिकेट पछि सुरु भएको हो, तर हामी बिस्तारै क्रिकेटको क्षेत्रमा सफलतापूर्वक अघि बढिरहेका छौं,' उनले भने, 'आज हामी विश्वस्तरमा प्रतस्पर्धा गर्न सक्ने स्थितिमा पुगेका छौं।' उनले सरकार र अन्य संस्थाले दिन बाँकी रहेको रकम क्रिकेटले तत्काल पाउनुपर्ने र उनीहरूले नपाउँदा आफूलाई दुःख लागेको जनाए।

'क्रिकेट खेलाडीले यसअघि नै पाएका पुरस्कार उठाउन बाँकी छ, बक्यौता होला, त्यो राम्रो कुरा होइन, तर हाम्रा खेलाडीको उत्साह र मनोबलमा भने कुनै कमी आएको छैन,' उनले भने, 'हामीसँग राम्रो खेल मैदान पनि छैन, हामी निर्माणको क्रममा रहेको मैदानमा खेल्दै छौं।' खेलाडीलाई प्रोत्साहित गर्ने र खेल्न अनुकूल वातावरण सिर्जना आवश्यक भएको उनको भनाइ छ। 'खेललाई गौरव र क्षमताको विषय पनि बनाउन आवश्यक भइसकेको छ,' उनले भने, 'खेलकुदको माध्यमबाट देशको पहिचान र गरिमालाई माथि उठाउने सकिन्छ।'

## रौतहट र धनगढी फाइनलमा

**भरतपुर**/ चितवनमा चलिरहेको लेडी जेसिज कप राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनलमा रौतहट महिला फुटबल एकेडेमी र अल स्टार स्पोर्टस् एकेडेमी भिड्ने भएका छन्। प्रतियोगिताको बिहीबार सम्पन्न सेमिफाइनलका खेल जित्दै रौतहट र धनगढीले उपाधि भिडन्त पक्का गरेका हुन्। नेपाल प्रहरी शिक्षालय (भरतपुर तालिम केन्द्र)को मैदानमा भएको रौतहटले गोकर्णेश्वर नगरपालिका काठमाडौंलाई १-० ले पराजित गर्दै अन्तिम दुई स्थान पक्का गरेको हो। रौतहटका मेनुका आलेमगरले खेलको अन्तिम इन्जुरी समयमा एक मात्र गोल गरेकी थिइन्। दोस्रो सेमिफाइनलमा धनगढीले गैंडाकोट फुटबल क्लबलाई २-० ले पाखा लगाउँदै रौतहटसँगको उपाधि भिडन्त पक्का गऱ्यो।

**बिक्री/भाडामा**

सुरुङ्ग तथा हाइड्रोपावर निर्माणमा प्रयोग हुने विभिन्न मेशिनहरु जस्तै Boomer, Shotcrete Machine, Concrete Pump, Excavator, DG Set, Ventilation Fan, Tipper, Transit Mixer, SLM etc, etc. हरु उपलब्ध छन्।

सम्पर्क : शिशिर ९८६३३३५१२०
वैद्यनाथ पंडित ९८६३२४९२८६

# एमेच्योर सद्भावले जिते करिअरको दोस्रो उपाधि

**नयाँ पत्रिका**

युवा एमेच्योर गल्फर सद्भाव आचार्यले करिअरको दोस्रो उपाधि जितेका छन्। उनले सूर्य नेपाल गल्फ टुर-२०२३/२४ अन्तर्गत सिजनको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि हात पारेका हुन्। सद्भाव प्रोफेसनल खेलाडी दिनेश प्रजापतिलाई ७ स्ट्रोकले हराउँदै करिअरको दोस्रो उपाधि जिते। उनले आफ्नो पहिलो उपाधिका रूपमा गत सिजन सूर्य नेपाल च्यालेन्ज जितेका थिए।



अन्तिम दिन बिहीबार सद्भावले ३ अन्डर ६९ स्कोर गरे। च्याम्पियन बन्ने क्रममा उनले समग्रमा १७ अन्डर २७१ को उत्कृष्ट नतिजा निकाले। ३३ प्रोफेसनल गल्फरलाई माथ दिँदै प्रोफेसनल र एमेच्योर दुवैतर्फको उपाधि उनले जिते। इभन पार ७२ खेल्दै समग्रमा १० अन्डर २७८ सहित दिनेश दोस्रो भए। प्रोफेसनलतर्फ पहिलो हुँदा उनले १ लाख ४५ हजार पुरस्कार प्राप्त गरे। समग्रमा ७ अन्डर २८१ कार्ड लेखाएका भुवन नगरकोटी तेस्रो भए। उनले अन्तिम दिन इभन पार ७२ खेल्दै खेल सकाए।

प्रोफेसनलतर्फ दोस्रो हुँदा उनले ९४ हजार रुपैयाँ पाए। सञ्जय लामाले समग्रमा इभन पार २८८ प्रदर्शन गर्दै चौथो स्थान हात पारे। प्रोफेसनलतर्फ तेस्रो भएका उनलाई ७० हजार प्रदान गरियो। समग्रमा २ ओभर २९० को स्कोर गरेका नीरज तामाङ पाँचौं भए। उनले अन्तिम १८ होलको खेल इभन पार ७२ मा सकाउँदै ५८ हजार रुपैयाँ जिते। प्रतियोगिताको शीर्ष स्थानमा रहेका टासी छिरिङ एमेच्योरतर्फ दोस्रो भएका छन्। उनले समग्रमा ३ ओभर २९१ को कार्ड लेखाए। उनी समग्रमा उनी छैठौं भए।

लगातार दोस्रो दिनदेखि उपाधितर्फ लम्केका सद्भावले अन्तिम १८ होलको सुरुमा ४ स्ट्रोकको अग्रता लिएका थिए। उनले पहिलो र दोस्रो होलमा लगातार दुई बोगी प्रहार गर। दिनेशले पहिलो दुई होलमा पार बचाउँदा ५ पारको तेस्रो होलमा इगल निकाले।

**श्री रिपुर्मदिनी सैनिक महाविद्यालय, बाँसबारी, काठमाडौं**

**विभिन्न फर्निचर सामान खरिदसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(ठेक्का सूचना नं. NAWF/SAMV/GOODS/BASBARI/2080/81/55)

(प्रथमपटक प्रकाशित मिति : २०८०।०८।०८ गते)

१. चालु आ.व.२०८०/८१ मा यस महाविद्यालयमा विभिन्न फर्निचर सामान खरिद कार्य सम्पन्न गर्न e-Gp system को माध्यमबाट दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक फर्महरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http//www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कामको विवरण | दरभाउपत्र जमानत अंक ने.रु. | मान्य हुने अवधि | दस्तुर ने.रु. | लागत अनुमान (मू.अ.कर बाहेक) ने.रु. | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलुवा गर्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | फर्निचर खरिद | ३८,०००।०० | ७५ दिन | १,०००।- | १३,२६,९७५।०० | २०८०।०८।२४ गते १२०० बजे सम्म | २०८०।०८।२४ गते १३०० बजे | |

२. साथै, उक्त कार्यसम्बन्धी थप जानकारीका लागि यस महाविद्यालयको फोन नं. ०१-४३७४३३५ मा सम्पर्क गर्न सकिनेछ।

Government of Nepal
Ministry of Health and Population
**National Academy of Medical Sciences**
**Bir Hospital**
**Mahabouddha, Kathmandu**

**Invitation of Bid**

**Date of Publication : 24 November, 2023 (2080/08/08 B.S.)**

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   - **a. Name of Bank** : Rastriya Banijya Bank, Teku, Kathmandu
   - **b. Name of Office** : National Academy of Medical Sciences, Bir Hospital
   - **c. Office Code No.** : 370613501
   - **d. Office Account No** : 1000100200010000
   - **e. Rajaswa Shirshak no** : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceuroment Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

| Bid ID No. | Requirement | Opening Date | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|
| NAMS/NCB/80/81/10 | Supply & Delivery of 20 Lit. Drinking Water Jar | 2080-09-08; 14:00 | 3,000.00 | Rs.41,000/- |
| NAMS/NCB/80/81/11 | Supply & Delivery of Drinking Tanker Water (12000 Lit.) | 2080-09-08; 14:00 | 3,000.00 | Rs.89,000/- |

**Director**

**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja, Gandaki Province, Nepal**

**Invitation for Bids**

**First date of Publication: 24th November, 2023**

1. Phedikhola Rural Municipality invites only electronic bid (NCB) for Construction of Chharchhare Lifting Water Supply Project at Katujeswanra, Phedikhola-01, Syangja under contract ID: 25-PRM-W-NCB-WS-080-81-06. The estimated cost of the work is NRs. 13,530,472.79 (Including overhead, VAT & PS). Electronic Bidding is open to all eligible Nepalese Bidders. Only eligible bidders with the following key qualifications should participate in this bidding: Successfully or substantially completion of at least one (1) Contract of Water supply Project (Either gravity or lifting) within the last ten (10) years, with a value of at least NRs 5,000,000.00 (Five Million) Excluding VAT.
2. Cost of Bid Document NRs. 3000.00. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06501000000030800180; Name of account: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality
3. Electronic bid submission deadline: before 12:00 hrs on 25-December-2023, Electronic bid opening date and time: 12:00 hrs on 25-December-2023.
4. Bid security amount NRs. 339,000.00. If cash deposited as bid security, then mentioned amount should be deposited in Dharauti account of Phedikhola Rural Municipality, account No. 06501000000003600179 at Prime Bank, Phedikhola, Syangja.
5. Eligible Bidders may obtain detail notice, information by inspecting the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja or from website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com